नेपाल सरकार (मन्त्रिपरिषद्), मिति २०७७/०५/०९ को निर्णय अनुसार विभागिय मन्त्रिस्तरको मिति २०७७/०५/१७ को निर्णयबाट स्वीकृत

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आ.व. २०७७/०७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरुको प्राविधिक कार्य संचालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन

**(कृषि तर्फ)**

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

सिंहदरवार, काठमाडौं

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

# विषय-सूची


१. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

२. आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

३. बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन प्रक्रिया, २०७७

४. फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

५. सहकारीहरुसँगको साझेदारीमा रेशम खेति क्षेत्र विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

६. बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

७. स्थानीय तहवाट संचालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# १. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/०५/०९ को निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

# प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

**१. कार्यक्रमको परिचयः**

प्राङ्गारिक खेतिप्रवर्द्धन गरी स्वच्छ उत्पादन पद्धतिलाई प्रोत्साहन गर्न कृषि विभागबाट सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा सञ्चालन हुने प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम तथा स्थानीय तहमा सञ्चालन हुने प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ।

**१.१ परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य सञ्चालन प्रक्रियामा;

(क) **"आन्तरिक नियन्त्रण प्रणाली"** वा **"Internal Control System"("ICS")** भन्नाले प्राङ्गारिक गुणस्तर किटानी गर्ने एक लिखित दस्तावेज सम्झनुपर्छ जस अन्तर्गत प्राङ्गारिक प्रमाणीकरण निकायले समूहका हरेक सदस्यहरुको वार्षिक निरीक्षण गर्न सोही समूह अन्तर्गत गठन भएको व्यवस्थापन समितिलाई अनुमति प्रदान गरी प्राङ्गारिक गुणस्तर कायम गर्नजिम्मेवार बनाउँछ र साना उत्पादकहरूलाई संगठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा पहुँच बढाउन तथा प्रमाणीकरणको खर्च घटाउन सहयोग पुर्याउने प्रणाली समेतलाई सम्झनु पर्दछ।

(ख) **"कृषक पहिचान चिन्ह"** भन्नाले परिक्षण कार्यक्रम सञ्चालन गर्ने कृषक समुहले आफ्नो उपज पहिचानको लागि प्रयोग गर्ने चिन्हलाई सम्झनु पर्दछ ।

(ग) **"निरीक्षक"** भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धित प्राङ्गारिक कृषि उत्पादनको उत्पादन, प्रशोधन तथा वितरण प्रक्रिया निरीक्षण गर्नका लागि तोकिएकोव्यक्ति सम्झनु पर्दछ ।

(घ) **"प्राङ्गारिक उपज"("Organic Certified Product")** भन्नाले प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम मान्यता प्राप्त "प्रमाणीकारण निकायले प्रमाणीत गरी यसै कार्यविधि बमोजिमको **प्राङ्गारिक उपज**को लोगो लगाएको उत्पादन सम्झनु पर्दछ।

(ङ) **"प्राङ्गारिक कृषि"** भन्नाले दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली, सुरक्षित, गुणस्तरीय तथा पोषणयुक्त खाना, प्राणी जातिको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रक्रियाहरुको एकिकृत उपागमलाई सम्झनु पर्दछ।

(च) **"प्राङ्गारिक कृषि उत्पादन"** भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्वारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपरद्छ । सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार तयार गरिएकोमापदण्ड बमोजिम उत्पादित तरकारी, खाद्यान्न, मह तथा मौरीजन्य उत्पादन, च्याउ तथा फलफूल उत्पादन समेतलाई जनाउँछ ।

(छ) **"प्राङ्गारिक खेति"** भन्नाले बाली उत्पादन प्रकृयामा कृत्रिम तरिकाले तयार पारिएका यौगिक रासायनिक मलहरु, विषादीहरु, बृद्धिवर्धक आदिको प्रयोग नगरिने एउटा उत्पादन पद्दतिलाई सम्झनु पर्दछ।

(ज) **"प्राङ्गारिक रूपान्तरण उपज"('Organic in-conversion product")**भन्नाले प्राङ्गारिक विधिबाट उत्पादित उपजको प्राङ्गारिक प्रमाणीकरण शुरु गरेदेखि प्राङ्गारिक प्रमाणीकरण चिन्ह प्राप्त नगरेसम्मको रुपान्तरण अवधिभित्र गरिएको/भएको उत्पादनलाई सम्झनुपर्दछ।



नेपाल सरकार

(झ) **"परम्परागत पद्धतिबाट उत्पादित कृषि उपज"** **("Traditionally Grown Product")** भन्नाले रासायनिक पदार्थ अनुपस्थित क्षेत्रवाट उत्पादन भएको रैथाने तथा स्थानीय जातका वालीहरुको स्वघोषित उत्पादनलाई सम्झनुपर्दछ।

(ञ) **"प्रमाणीकरण चिन्ह"** भन्नाले प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा आवश्यक पर्ने शर्तहरु पुरा गरेकोप्रमाणित गर्नका लागि दिइनेचिन्ह सम्झनु पर्दछ।

(ट) **"प्रमाणीकरण"** भन्नाले कुनैकृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरु पुरा गरिएको छ भनी प्रमाणीकरण निकायले दिने लिखित सुनिश्चितता सम्झनुपर्‌दछ।

(ठ) **"प्रमाणीकरण निकाय"** भन्नाले कुनै उत्पादनलाई प्राङ्गारिकउपज हो होइन भनी मूल्यांकनगर्ने सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्रास गरेको स्वतन्त्र निकाय सम्झनुपर्दछ ।

(ड) **"रासायनिक विषादी प्रयोग नगरिएको उपज"("Product without use of Chemical Pesticide")** भन्नाले रासायनिक विषादी प्रयोग नगरी गरिएको उत्पादित स्वघोषित उत्पादन सम्झनुपर्दछ।

(ढ) **"रैथाने बाली"** भन्नाले परम्परागत रुपमा सदियौं देखि कृषकहरुले खेति एवं संरक्षण गर्दै आइरहेका कृषि बालीहरु सम्झनु पर्दछ । यी बालीहरुले कोदो, फापर चिनो कागुनो लट्टे उवा जौ जस्ता खाद्यान्न (cereals) र मिथान्न (pseudo cereals) बाली तथा बागवानी क्षेत्रमा पर्ने रैथाने बालीहरुलाई समेत जनाउँछ ।

(ण) **"सम्बन्धन प्रदायक निकाय"** भन्नाले राष्ट्रिय प्राङ्गारिक कृषि सम्वन्धन प्रदायक निकायको सम्वन्धन प्रदान गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०६९ बमोजिमको निकाय सम्झनुपर्दछ ।

(त) **"सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली"** वा **"Participatory Guarantee System"("PGS")** भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनु पर्दछ ।

**१.२उद्देश्यः** यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालन हुने कार्यक्रमको देहाय बमोजिमका उद्देश्य रहेका छन्ः-

(क) रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरी सुरक्षित एवं स्वस्थकर कृषि उपजको उत्पादन तथा बजारीकरण प्रवर्द्धन गर्दै प्राङ्गारिक खेतितर्फ उन्मुख गराउने।

(ख) निर्यातमूखी कृषि उपजहरुको प्राङ्गारिक उत्पादन एवं प्रमाणीकरणका लागि सहयोग गरी निर्यात प्रवर्द्धनमा सहयोग गर्ने ।

(ग) व्यवसायिक प्राङ्गारिक तथा रैथाने बालीहरुको उत्पादन र वज़ारीकरण वीचको दूरीलाई कम गर्दै विशेष प्राङ्गारिक मूल्य श्रृङ्खलाको विकास गर्ने ।

(घ) रैथाने बाली/स्थानीय बालीहरुको प्रवर्द्धन एवं संरक्षण गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‌याउने ।

**१.३ लक्षित समूहः** यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालन हुने कार्यक्रममा देहाय अनुसारका सहभागी हुन सक्नेछन्ः-

(क) न्यूनतम प्रयासले पूर्ण प्राङ्गारिक क्षेत्र घोषणा गर्न सकिने र रासायनिक पदार्थ अनुपस्थित क्षेत्रका स्थानीय एवं रैथाने जातका बालीहरु उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(ख) शहर आसपास (Peri-Urban Area) तथा संभाव्य अन्य क्षेत्रका व्यवसायिक उत्पादन क्षेत्र,सिंचाइतथा सडकको सहज पहुँच भएका एवं सघन खेति प्रणाली भएका क्षेत्रमा प्राङ्गारिक खेति गर्न ईच्छुककृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

**१.४कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः**कृषि विभागबाट सशर्त वित्तीय हस्तान्तरणमार्फत प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम तथा प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन हुने प्रदेश एवं स्थानीय तहमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

**१.५ अपेक्षित उपलब्धिः** यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कार्यक्रमबाट देहाय बमोजिमको उपलब्धि हासिल हुनेछः-

(क) रासायनिक मल तथा विषादीको प्रयोग नगरी उत्पादन गरिएका कृषि वस्तुको उत्पादन बढ्न गइ कृषकहरु प्राङ्गारिक उत्पादन तर्फ उन्मुख हुने ।

(ख) प्रमाणित प्राङ्गारिक कृषि वस्तुको उत्पादनमा वृद्धि हुने ।

(ग) विभिन्न रैथाने बालीहरुको माग तथा आपूर्ती वृद्धि हुने ।

(घ) प्राङ्गारिक कृषि उपज तथा रैथाने बालीहरुको महत्व सम्बन्धी सचेतना अभिवृद्धि हुने ।

## २. कार्यक्रमका आधारभूत पक्षहरु तथा सञ्चालन हुने क्रियाकलापहरुः

**२.१ प्राङ्गारिककृषि प्रवर्द्धन मिशन कार्यक्रम अन्तर्गत उत्पादन हुने उपजको प्रकारः** देशमा हाल विद्यमान उत्पादन प्रणालीलाई क्रमशः रुपान्तरण गर्दै भविष्यमा पूर्ण प्राङ्गारिक कृषि उत्पादन प्रणालीको विकास गर्ने लक्ष्य सहित कार्यक्रम अन्तर्गत कृषि उपजलाई निम्न चार प्रकारमा वर्गीकरण गरी उत्पादन एवं बजारीकरण गरिनेछ ।

(क) "प्राङ्गारिक उपज" ("Organic Certified Product" - "OCP")

(ख) "प्राङ्गारिक रूपान्तरण उपज" ("Organic In-conversion Product" - "OICP")

(ग) "रासायनिक विषादी प्रयोग नगरिएको उपज" ("Production Without Use of Chemical Pesticides" - "PWUCP")

(घ) "परम्परागतपद्धतिबाट उत्पादित कृषि उपज" ("Traditionally Grown Product" - "TGP")

**२.२ कार्यक्रमका सम्भागहरुः**प्राङ्गारिककृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत दुई सम्भागहरु रहने छन्:-

**(क) सम्भाग १:**यस अन्तर्गत मुलतः स्थानीय एवं रैथाने जातका बालीहरु उत्पादन भैरहेको, न्यूनतम प्रयासले पूर्ण प्राङ्गारिक क्षेत्र घोषणा गर्न सकिने र रासायनिक पदार्थ अनुपस्थित क्षेत्र (By Default Organic Area ), भनि तोकिएको क्षेत्रहरुमा रैथाने तथा स्थानीय जातका खाद्यान्न (जस्तैः कोदो, फापर, जौं, उवा, चिनो, कागुनो, आदी), तरकारी, मसला, फलफूल, मौरी, च्याउ लगायतका वालीहरुलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ।

**(ख) सम्भाग२:** शहर आसपास (Peri-Urban Area) तथा संभाव्य अन्य क्षेत्रका व्यवसायिक उत्पादन क्षेत्र,सिंचाइतथा सडकको सहज पहुँच भएका एवं सघन खेति प्रणाली भएका क्षेत्र तथा बाली उत्पादन प्रक्रियामा रासायनिक मल र विषादीको अन्य क्षेत्रको तुलनामा अत्याधिक मात्रामा तथा अनियन्त्रित रुपमा प्रयोग भईरहेको कारणले



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय नेपाल

तत्काल पूर्ण प्राङ्गारिकमा जान कठीन रहेको क्षेत्रहरुमा विशेष गरी तरकारीबालीमा प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) संभाग २ अन्तरगत तरकारीबाली बाहेकका बालीमा कार्यक्रम सञ्चालन गर्दा कृषि प्रादेशिक हेर्ने निकाय वा स्थानीय तहले सो बालीको प्राङ्गारिक उत्पादनसँग सम्बन्धित क्रियाकलाप र मूल्याङ्कनका आधारहरु तयार गरी कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन ।

## २.३ संघीय निकायबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरु

### २.३.१ सम्भाग १अन्तर्गत संघीय निकायबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरु

(क) Image Bank को स्थापना: विभिन्न रैथाने बालीहरुको संरक्षण गर्न कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरुमा रहेका रैथाने बालीहरुका डिजिटल तस्वीरहरु प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयहरु मार्फत सङ्कलन गरी संरक्षण गरिनेछ ।

(ख) कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरुबीच अभिमूखीकरण गोष्ठी गर्ने।

(ग) प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar सञ्चालन गर्ने।

(घ) प्राङ्गारिक उपजको खरिद एवं बिक्री वितरणमा सहयोग गर्न प्राङ्गारिक कृषिमा संलग्न कृषक, अनुसन्धानकर्ता, बिश्वबिद्यालय, बिक्रेता, कृषि प्रसार अधिकारीको सहभागितामा राष्टियस्तरको प्राङ्गारिक ट्रेड फेअर को आयोजना गर्ने।

(ङ) रैथाने बालीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन गर्ने।

(च) रैथाने बालीकोबिउ उत्पादन प्रक्रियामा समुह सहकारीलाई प्रोत्साहन गर्ने र जातीय दर्ता प्रकृयामा सहजीकरण गर्ने ।

### २.३.२ सम्भाग २ अन्तर्गत संघीय निकायबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरु

(क) **प्राङ्गारिक Retail market स्थापना:** शहरका विभिन्न स्थानहरूमा उपभोक्ता समक्ष प्राङ्गारिक र सुरक्षित उत्पादन पुऱ्याउनको लागि सहकारी, समूहलाई प्राथमिकतामा राखी Retail Market पूर्वाधार निर्माणका लागि केन्द्रीय निकायबाट अनुदान प्रदान गरिनेछ ।

(ख) **प्राङ्गारिक Wholesale market निर्माण:** प्राङ्गारिक र सुरक्षित उत्पादनलाई दिगो तवरले उपभोक्ता माझ पुऱ्याउन र उत्पादनलाई वजार अभाव हुन नदिनको लागि Wholesale market निर्माण गरिनेछ। सो कार्यका लागि ईच्छुक समुह, सहकारी तथा निजी फर्मलाई केन्द्रीय निकायबाट अनुदान प्रदान गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) सरोकारवालाहरु वीच समन्वय र सहकार्यको लागि राष्ट्रियस्तरको गोष्ठी, प्राविधिक ज्ञान अभिवृद्धिको लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय अवलोकन भ्रमणहरु सञ्चालन गरिनेछ ।

(घ) प्राविधिक ज्ञानको प्रसार गर्न प्राङ्गारिक उत्पादन सम्बन्धी प्रकाशनहरु तयार गरी वितरण गरिनेछ ।

(ङ) प्राङ्गारिक उपजको आन्तरिक खपतलाइ बृद्धि गरीनेछ र सोका लागि स्थानीय तहहरुको प्रत्यक्ष रोहबरमा PGS प्रणाली मार्फत प्रमाणिकरणलाइ प्राथमिकता दिइने छ।

(च) प्राङ्गारिक कृषिमा रोग किरा नियन्त्रणको दिगो व्यवस्थापनको लागि जैविक विषादीमा अनुसन्धान तथा उत्पादन गर्ने निजी कम्पनीहरुलाइ आकर्षित गरिनेछ ।



नेपाल सरकार कृषि ... विकास मन्त्रालय नेपाल

(छ) प्राङ्गारिक कृषिको रुपान्तरण अवधिमा प्रयोग हुने बालीहरुको अनुसन्धान मार्फत सिफारिस गर्ने ।

(ज) रुपान्तरण अवधिमा किसानहरुलाइ प्रोत्साहित गर्ने pricing policy को मापदण्ड बनाउने ।

(झ) Conventional breeding मार्फत प्राङ्गारिक कृषिका लागि आवश्यक पर्ने बिउ का लागी नेपाल कृषि अनुसन्धान परिषदमार्फत अनुसन्धान गर्ने ।

२.४ प्रदेश स्तरबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

२.४.१ सम्भाग १ अन्तर्गत प्रदेश स्तरबाट सञ्चालन गरिने क्रियाकलापहरु

(क) सचेतना अभिवृद्धि

(अ) महिला स्वास्थ्य स्वयंसेवक तथा आइ पि एम सहजकर्ताहरुलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी तालिम ।

(आ) विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारी मूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदि) ।

(इ) कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरुबीच अभिमूखीकरण गोष्ठी ।

(ख) उत्पादन सामग्री सहयोग तथा प्रविधि **(Input Support and Technology):** एकल कृषकको हकमा कम्तीमा ३ रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिको हकमा कम्तिमा १५ रोपनीमा रैथाने बालीको सम्भव भएसम्म क्लष्टरमा खेति गर्नुपर्नेछ। यस अन्तरगत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछन्:-

(अ) रैथाने बाली उन्नत खेति प्रविधि सम्बन्धी तालिम ।

(आ) तालिम श्रोत सामग्री तयारी, प्रकाशन तथा वितरण ।

(इ) अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ विजन वितरण तथा बीउ ढुवानी अनुदान ।

(ई) प्रदर्शन तथा जातीय छनौटका क्रियाकलाप सञ्चालन ।

(उ) अनुदानमा हाते ट्रयाक्टर तथा औजार उपकरण उपलब्ध गराउने ।

(ऊ) प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar सञ्चालन गर्ने।

(ए) भकारो सुधार तथा कम्पोष्टिङ्ग ।

(ऐ) प्रदेशमा रहेका नेपाल कृषि अनुसन्धान परिषद्का अनुसन्धान केन्द्रहरुसँगको सहकार्यमा रैथानेबालीहरुमा पाइने पोषकतत्वबारे अध्ययन तथा अनुसन्धान गर्ने ।

(ओ) रैथाने बालीमा अध्ययन तथा अनुसन्धान गर्न बिश्वबिद्यालयसँग MoU गरी शोधकार्यका लागि अनुदान प्रवाह गर्ने ।

(औ) प्राङ्गारिक खेतिका लागि आवश्यक प्रशिक्षक विकास गर्ने ।

(अं) नमूना प्राङ्गारिक फर्म विकास गर्ने ।



नेपाल सरकार कृषि तथा ... मन्त्रालय

**(ग) उत्पादन विविधकरण तथा मूल्य अभिवृद्धि (Product diversificationand Value Addition):**

(अ) बाली चुट्ने तथा फल्ने मेशिन तथा अन्य उपकरणमा अनुदान सहयोग ।

(आ) सिलिङ मेशिन,प्याकेजिङ्ग र लेवलिङ्गमा अनुदान सहयोग ।

(इ) होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी तालिम सञ्चालन ।

(ई) उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा अनुदान सहयोग ।

**(घ) बजारीकरण सहयोग (Marketingsupport):**

(अ) अनुदानमा रैथाने बालीका उत्पादन बिक्री कक्ष (Selling Center) निर्माण ।

(आ) रैथाने बालीका उत्पादनहरुको सहज आपूर्तिका लागि मुख्य शहरहरुमा आधिकारिक बिक्री केन्द्र निर्माणमा सहयोग ।

(इ) खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम ।

(ई) क्रेता र बिक्रेता बीच Buy Back Agreement तथा सञ्जाल निर्माण।

(उ) प्राङ्गारिक प्रमाणिकरणका लागि लाग्ने खर्चमा अनुदान सहयोग।

**(ङ)जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation):**

(अ) सामुदायिक बीउ बैंकको स्थापना ।

(आ) रैथाने बालीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन ।

**२.४.२सम्भाग २ अन्तर्गत प्रदेश स्तरबाट सञ्चालन गरिने क्रियाकलापहरु:**

**(क) नमूना प्रदर्शन कार्यक्रम:**प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्रदर्शन (demonstration) को रुपमा यो कार्यक्रम कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनी को साझेदारीमा देहाय बमोजिम सञ्चालन गर्नेछ:-

(अ) स्थानीय तह/क्षेत्र निर्धारण गर्दा ६० रोपनीको एक क्लष्टर हुने गरी निर्णय गर्नु पर्नेछ ।

(आ) एक स्थानीय तहमा ६० रोपनीको एक क्लष्टर नपुगेमा सिमाना जोडिएका दुई स्थानीय तहहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(इ) कार्यक्रमा साझेदारी गर्न ईच्छुक कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीले प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयको सहयोगमा उत्पादक कृषकहरु र वजारीकरण गर्ने उद्यमीहरुसँग अग्रिम सम्झौता गरेको हुनुपर्नेछ।

(ई) छनौट गरीने कृषक समूह वा सहकारीका सदस्यहरुले अनिवार्य रुपमा पशुपालन समेत गरेको हुनुपर्नेछ।

(उ) उत्पादित वस्तु अन्तिम उपभोक्ता समक्ष पुगुञ्जेलसम्म उत्पादक कृषक एवम् स्थान पहिचान हुने व्यवस्थाका लागी तालिका १ मा तोकिए अनुसारको कृषक पहिचान चिन्ह राख्नुपर्नेछ ।

(ऊ) उत्पादकले तालिका २ बमोजिमको अभिलेख दुरुस्त राख्नु पर्नेछ र सम्वन्धित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(ए) प्राङ्गारिक उत्पादन एवं बजारीकरणसँग सम्बन्धित आधुनिक, उन्नत एवं दिगो कृषिका प्रविधिहरुको विकास एवं प्रसार सम्वन्धी नमूना प्रदर्शन कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

- प्राविधिक सेवा टेवा एवं समन्वयात्मक कार्यका लागि नेपाल सरकारले तोकेको न्यूनतम सेवा सुविधा सहित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्राविधिक सहजकर्ता सेवा करारको व्यवस्था गर्न सक्नेछ ।
- उत्पादन सामग्रीहरु जस्तै उपयुक्त जातका बीउ, जैविक विषादी तथा विषादी बनाउने सामग्रीहरुमा अनुदान ।
- उत्पादन स्थल देखि बजारसम्म पुर्‍याउनका लागि ढुवानी अनुदान।
- कृषक पहिचान चिन्हका लागि अनुदान ।
- प्राङ्गारिक उत्पादन सामग्रीहरु, प्याकेजीङ्ग, ढुवानी गर्ने सामग्रीहरु तथा लेवलिङ्गका लागि आवश्यक पर्ने सामग्रीहरुमा अनुदान ।
- साना पूर्वाधारहरुको विकास (साना सिंचाइ, सङ्कलन केन्द्र, प्याकेजिङ्ग हाउस, ग्रिन हाउस, कोल्ड रुम) निर्माण तथा मर्मत सम्भार।
- नमूना प्रदर्शन कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तालिका ३बमोजिम हुनेछ ।

**(ख) संरक्षित संरचनामा उत्पादन कार्यक्रमः** यस अन्तरगत तरकारी खेति गर्न बनाइएका पुराना संरचनाहरु सुधार तथा नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराईनेछ । निर्माण/सुधार गरिएका संरचनामा उत्पादित उत्पादन अनिवार्य रुपमा बुँदा २.१ मा उल्लेखित ४ वटा किसिमहरु मध्ये कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।उत्पादन क्लष्टर निर्माण गरी खुल्ला जमीन र संरक्षित संरचनामा मिश्रित रुपमा खेति गर्न चाहने समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ ।

**(अ) नयाँ संरचना निर्माणका आधारभूत पक्षहरुः-**

- तरकारी खेतिको लागि एकल कृषकको हकमा कम्तीमा १५०० वर्ग मिटर क्षेत्रफलमा आवश्यकता अनुसार प्लाष्टिक घर निर्माण गर्नुपर्नेछ । प्लाष्टिक घरमा अनिवार्य रुपमा इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ ।सामूहिक रुपमा नयाँ संरचनामा उत्पादन गर्न चाहेमा समूहका सदस्य संख्याको आधारमा प्रति सदस्य ५०० वर्ग मिटर क्षेत्रफल पर्ने गरी निर्माण गर्न सकिनेछ ।
- कुनै कृषक, कृषक समुह वा सहकारीले पुराना संरचनामा सुधार गरी नयाँ थप गर्न चाहेमा पुराना संरचनालाई समेत समावेश गरी क्षेत्रफल गणना गर्न सकिनेछ ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तथा सहजीकरण सेवा तथा सुविधा तालिका४ बमोजिम हुनेछ ।

**(आ) पुराना संरचनामा सुधारका आधारभूत पक्षहरु :-**

- पुराना प्लाष्टिक घर सुधारको लागि इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

- यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तथा सहजीकरण सेवा तथा सुविधा तालिका ५ बमोजिम हुनेछ ।

**(ग) खुल्ला जमीनमा उत्पादन (Open field cultivation) कार्यक्रमः**

(अ) खुल्ला जमीनमा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा ५ रोपनी जमिन र सहकारी वा समूह मार्फत कम्तीमा ६० रोपनी जमिनमा खेति गर्नुपर्नेछ।

(आ) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्ता फर्म, समूह, सहकारीलाई प्राथमिकतामा दिइनेछ।

(इ) यसरी खुला जमिनमा उत्पादित उत्पादन अनिवार्य रुपमा बुँदा २.१ मा उल्लेखित ४ किसिमहरु मध्ये कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।

(ई) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तथा सहजीकरण सेवा तथा सुविधा तालिका ६ बमोजिम हुनेछ ।

**(घ) बजार प्रवर्द्धनः** समूह वा सहकारीको लागि सङ्कलन, ग्रेडिङ्ग, प्याकेजीङ्ग र भण्डारणको लागि एकीकृत केन्द्र निर्माण गर्न सहयोग गरीनेछ । त्यसै गरी, बजारीकरणको लागि प्रस्तावका आधारमा यथास्थान बजार (On-farm Outlet) विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

**(अ) प्राङ्गारिक On-farm Outlet निर्माणः**कार्यक्रममा संलग्न सहकारी, समूहलाई प्राथमिकतामा राखी On-farm Outlet पूर्वाधार निर्माणका लागि अनुदान प्रदान गरिनेछ ।यस कार्यक्रम सञ्चालन गर्नको लागि वजार स्थापना गर्ने सहकारी वा समूह वा फर्मले कम्तीमा २० जना प्राङ्गारिक कृषि उत्पादक कृषकसँग खरिद गर्ने करारनामा गरेको हुनु पर्नेछ।

**(आ)** यसरी बनेका बजार पूर्वाधारहरुमा उत्पादकको पहिचान झल्कने कृषक पहिचान चिन्हको लेवलिङ्ग र प्याकिङ्ग भएको बुँदा २.१ बमोजिमका उत्पादनहरु मात्र बिक्रि गर्नुपर्नेछ।

**(ङ) क्षमता अभिवृद्धि तालिम, गोष्ठी, भ्रमण, प्रकाशन कार्यक्रमः** उत्पादक कृषकहरु, संलग्न प्राविधिकहरु तथा अन्य सरोकारवालाहरुको प्राङ्गारिक उत्पादन, प्रमाणीकरण र बजारीकरणमा क्षमता अभिवृद्धि गर्न प्राङ्गारिक उत्पादन प्रविधि, प्रशिक्षक प्रशिक्षण, प्राङ्गारिक निरीक्षक जस्ता तालिमहरु सञ्चालन गरिनेछ र प्राङ्गारिक उत्पादन प्रविधि सम्बन्धी प्रकाशन गरिनेछ ।

## २.५स्थानीय तहबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरु

### २.५.१ सम्भाग १ अन्तर्गत स्थानीय तहबाट सञ्चालन गरिने क्रियाकलापहरु

**(क)सचेतना अभिवृद्धिः** स्थानीय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारी मूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदि) ।

**(ख)उत्पादन सामग्री सहयोग तथा प्रविधिः**अनुदानमा बीउतथा अन्य सम्वन्धित सामग्री प्राप्त गर्न कृषकको हकमा कम्तीमा ३ रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिको हकमा कम्तिमा



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

३० रोपनीमा रैथाने बालीको सम्भव भएसम्म क्लष्टरमा खेति गर्नुपर्नेछ। यस अन्तर्गत निम्न बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः

(अ) रैथाने बाली उन्नत खेति प्रविधि सम्बन्धी तालिम ।

(आ) अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ विजन वितरणतथा बीउ ढुवानीका लागि ढुवानी अनुदान ।

(इ) अनुदानमा हाते ट्रयाक्टर तथा औजार उपकरण उपलब्ध गराउने ।

(ई) भकारो सुधार तथा कम्पोष्टिङ्ग ।

**(ग) उत्पादन विविधकरण तथा मूल्य अभिवृद्धि (Product diversificationand Value Addition):**

(अ) बाली चुट्ने तथा फल्ने मेशिन तथा अन्य उपकरण अनुदान सहयोग ।

(आ) सिलिङ मेशिन, रैथाने बालीको प्याकेजिङ्ग र लेवलिङ्गमा अनुदान सहयोग ।

(इ) होटल व्यवसायी, होमस्टे संचालक, उद्ममी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी तालिम सञ्चालन ।

**(घ) बजारीकरण सहयोग (Marketingsupport):**

(अ) अनुदानमा रैथाने बालीका उत्पादन विक्री कक्ष (Selling Center) निर्माण ।

(आ) खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम ।

(इ) क्रेता र बिक्रेता बीच Buy Back Agreement तथा सञ्जाल निर्माण।

(ई) प्राङ्गारिक प्रमाणीकरणका लागि लाग्ने खर्चमा अनुदान सहयोग।

(उ) प्राङ्गारिकक कृषि उपजमा उपभोक्तालाइ बिश्वस्त तुल्याउन फार्म तथा बिक्री केन्द्रहरुको ब्रान्डिङ्ग तथा प्रवर्द्धन सहयोग ।

(ऊ) प्राङ्गारिक मोडेल फार्महरुको स्थापना गर्ने र प्राङ्गारिक कृषि सम्बन्धी फ्याक्ट सिट बनाउने ।

### २.५.२ सम्भाग २ अन्तर्गत स्थानीय स्तरबाट सञ्चालन गरिने क्रियाकलापहरु

**(क) संरक्षित संरचनामा उत्पादन कार्यक्रमः** यस अन्तरगत तरकारी खेति गर्न बनाइएका पुराना संरचनाहरु सुधार तथा नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराईनेछ । निर्माण/सुधार गरिएका संरचनामा उत्पादित उत्पादन अनिवार्य रुपमा वुँदा २.१ मा उल्लेखित ४ वटा किसिमहरु मध्ये कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ । उत्पादन क्लष्टर निर्माण गरी खुल्ला जमीन र संरक्षित संरचनामा मिश्रित रुपमा खेति गर्न चाहने समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ ।

**(अ) नयाँ संरचना निर्माणका आधारभूत पक्षहरुः-**

- तरकारी खेतिको लागि एकल कृषकको हकमा कम्तीमा १५०० वर्ग मिटर क्षेत्रफलमा आवश्यकता अनुसार प्लाष्टिक घर निर्माण गर्नुपर्नेछ । प्लाष्टिक घरमा अनिवार्य रुपमा इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ । सामूहिक रुपमा नयाँ संरचनामा उत्पादन गर्न चाहेमा



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

समूहका सदस्य संख्याको आधारमा प्रति सदस्य ५०० वर्ग मिटर क्षेत्रफल पर्ने गरी निर्माण गर्न सकिनेछ ।

- कुनै कृषककृषक समुह वा सहकारीले पुराना संरचनामा सुधार गरी नयाँ थप गर्न चाहेमा , पुराना संरचनालाई समेत समावेश गरी क्षेत्रफल गणना गर्न सकिनेछ ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तथा सहजीकरण सेवा तथा सुविधा **तालिका** ४ बमोजिम हुनेछ ।

**(आ) पुराना संरचनामा सुधारका आधारभूत पक्षहरुः-**

- पुराना प्लाष्टिक घर सुधारको लागि इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तथा सहजीकरण सेवा तथा सुविधा तालिका ५ बमोजिम हुनेछ ।

**(ख) खुल्ला जमीनमा उत्पादन (Open field cultivation) कार्यक्रमः**यो कार्यक्रम सञ्चालन का आधारभूत पक्ष देहाय बमोजिम हुनेछन्:-

(अ) खुल्ला जमीनमा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा ५ रोपनी जमिन र सहकारी वा समूह मार्फत कम्तीमा ३० रोपनी जमिनमा खेति गर्नुपर्नेछ।

(आ) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्ता फर्म, समूह, सहकारीलाई प्राथमिकतामा दिइनेछ।

(इ) यसरी खुला जमिनमा उत्पादित उत्पादन अनिवार्य रुपमा बुँदा २.१ मा उल्लेखित ४ किसिमहरु मध्ये कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।

(ई) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण तथा सहजीकरण सेवा तथा सुविधा तालिका ६ बमोजिम हुनेछ ।

**(ग) बजार प्रवर्द्धनः** समूह वा सहकारीको लागि सङ्कलन, ग्रेडिङ्ग, प्याकेजीङ्ग र भण्डारणको लागि एकीकृत केन्द्र निर्माण गर्न सहयोग गरिनेछ । त्यसै गरी बजारीकरणको लागिप्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयहरुद्वारा निर्मित यथास्थान बजार (On-farm Outlet) सँग समन्वय गरीबजारीकरणमा सहयोग गर्न सकिनेछ ।

**(घ) क्षमता अभिवृद्धि तालिम, गोष्ठी, भ्रमण, प्रकाशन कार्यक्रमः** उत्पादक कृषकहरुको प्राङ्गारिक उत्पादन, प्रमाणीकरण र बजारीकरणमा क्षमता अभिवृद्धि गर्न प्राङ्गारिक उत्पादन प्रविधि सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ ।

**२.६ अभिलेख राख्नेः**प्रत्येक उत्पादनकर्ताले बुँदा २.१ मा उल्लेखित ४ किसिमहरु मध्ये कुन किसिमको उत्पादन गर्ने हो, सो सम्बन्धी तालिका २ बमोजिमका विवरणहरुको अभिलेख राख्नु पर्नेछ र उक्त अभिलेख सम्बन्धित निकायहरुले माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

**२.७ प्रमाणीकरणः**

(क) स्थानीय बजारमा खपत हुने उत्पादनको लागी "सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली(PGS)" लाई जोड दिइनेछ । हाल यस पद्धतीबाट उत्पादन गरिरहेका समूह सहकारीहरुलाई कार्य निरन्तरताको लागि प्राथमिकता दिई सहयोग गरिनेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ख) राष्ट्रिय स्तरको प्रमाणीकरण गर्ने समूह, सहकारी वा संगठित संघ संस्थाहरुलाई "आन्तरिक नियन्त्रण प्रणाली (ICS)" कोस्थापना तथा सञ्चालन, प्राङ्गारिक सहजकर्ता तथा आन्तरिक निरीक्षक निर्माण र आवश्यक अभिलेख व्यवस्थापनको लागि प्रस्तावका आधारमा अनुदान प्रदान गरिनेछ।

(ग) यस कार्यक्रम अन्तर्गत उत्पादित उपज निर्यात तथा आन्तरिक खपत भएमा तेश्रो पक्ष प्रमाणीकरणमा सहयोग गरीनेछ। यसरी तेश्रो पक्ष प्रमाणीकरण संघीय निकायमा एकमुष्ट बजेटको व्यवस्था गरीनेछ ।तेश्रो पक्ष प्रमाणीकरणमा लाग्ने खर्चमा अनुदान दिइनेछ ।

(घ) "PGS" र "ICS" को लागि नियुक्त भएका आन्तरिक निरीक्षक वा प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले तोकेको प्रङ्गारिक खेति सम्बन्धी तालिम प्राप्त प्राविधिकले बुँदा २.१ मा उल्लेखित "PWUCP" को प्रमाणीकरण गर्न सक्नेछ। तर, सम्भाग १ अन्तरगत उत्पादन हुने रैथाने बाली वस्तुहरुका हकमा उत्पादकले गरेको लिखित स्वघोषणालाई सम्बन्धित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले Organic by default रहेको भनी प्रमाणित गरेमा "TGP" लाई Organic by default को मान्यता दिई अनुदान दिन सकिनेछ ।

## ३. कार्यक्रम सञ्चालन विधिः

**३.१ कार्यक्रम विस्तृतीकरणः** विनियोजित बजेटको आधारमा यस कार्यक्रम अन्तरगत सम्भाग १ र सम्भाग २ अन्तरगतका विभिन्न क्रियाकलापहरु सञ्चालनको लागि प्रदेश तथा स्थानीय तहलेकार्यक्रम विस्तृतीकरण गर्नेछ।

### ३.२ माग सङ्कलनः

(क) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले कार्यालयले कार्यक्षेत्रमा रहेका सम्पूर्ण स्थानीय तहहरुको सहभागितामा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका संभाग १ तथा २का क्रियाकलाप तथा सो सञ्चालन सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयलेअभिमुखीकरण कार्यक्रम सञ्चालन पश्चात ईच्छुक स्थानीय तहका लागि आशयपत्र पेश गर्न सवै स्थानीय तहमा समेत सार्वजानिक सूचना संप्रेषण गर्नुपर्नेछ ।

### ३.३क्षेत्र निर्धारण र लाभग्राही छनौट

#### ३.३.१ क्षेत्र निर्धारण

(क) **प्रदेशस्तरमाः** प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयलेप्राप्त आवेदनहरुको आधारमा प्रदेश स्तरमा आवश्यक्ता अनुसार समिती गठन गरी सम्भाग १ र सम्भाग २ को लागि एक वा एक भन्दा बढि स्थानीय तह समेटी कृषि उत्पादन क्षेत्र निर्धारण गर्नु पर्नेछ । तर जिल्लामा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(ख) **स्थानीयस्तरमाः** सम्बन्धित स्थानीय तहले आवश्यक्ता अनुसार समिती गठन गरी सम्भाग १ र सम्भाग २ को लागिक्षेत्र निर्धारण गर्नु पर्नेछ ।तर स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनकोलागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

**३.३.२अनुदानग्राहीको छनौटः**

(क) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/ स्थानीय तहलेनिर्धारण गरिएको क्षेत्रबाट कार्यक्रममा सहभागी हुन चाहने कृषक/समूह/सहकारी/कम्पनीहरुलाई आवेदन दिन सूचना प्रकाशन गरिनेछ ।

(ख) यस कार्यविधि बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नको लागि प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले आवश्यक समिति गठन गरीप्राप्त आवेदन, Field Verification र विनियोजित बजेटको आधारमा अनुदानग्राही छनौट गर्नेछ ।

**३.४ अनुदान प्रवाहः**

(क) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले छनौट गरेको क्रियाकलापको सहजीकरण सेवा तथा सुविधा (अनुदान सिमा)समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/ स्थानीय तहले अनुदाग्राहीसँग सम्झौता गर्नेछ।

(ग) बुँदा(ख) बमोजिम हुने सम्झौता बमोजिम प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/ स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

## ४. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकाय र तिनको जिम्मेवारी

### ४.१ संघीय सरकार

(क) कार्यक्रम सञ्चालनको लागि प्रदेश एवं स्थानीय तहसँग समन्वय ।
(ख) प्राङ्गारिक कृषि सम्बन्धी प्राविधिक Training manual तथा Package of Practices तयार गर्ने
(ग) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धि कम्पाईलेशन ।

### ४.२ प्रदेश सरकार

(क) कार्यक्रम विस्तृतिकरण ।
(ख) आवश्यकता अनुसार समिति गठन गर्ने ।
(ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
(घ) कार्यक्रम सञ्चालन गर्ने दौरानमा आई परेका समस्याहरुको समाधानको पहल गर्ने तथा बाधा अड्काउ फुकाउने ।
(ङ) संघीय सरकार एवं स्थानीय तहसँग समन्वय ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

(च) अनुदान दुरुपयोग निरुत्साहित गर्नेतथा कार्यक्रममा दोहोरोपना हुन नदिने।

(छ) सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

**४.३ स्थानीय तह**

(क) कार्यक्रम विस्तृतीकरण तथा स्थानीय स्तरमा प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।

(ख) क्षेत्र छनौट तथा अनुदानग्राही छनौटका कार्यको लागि आवश्यकता अनुसार समिति गठन गर्ने ।

(ग) सञ्चालित कार्यक्रमको नियमित अनुगमन गरी कार्यान्वयनमा बाधा व्यवधान आइपरेमा समाधानका लागि संघीय कृषि तथा पशुपन्छी मन्त्रालयमा पठाउने ।

(घ) तोकिएको ढाँचामा नियमित प्रगति प्रतिवेदन कृषि विभागमा प्रेषित गर्ने ।

(घ) अनुदान दुरुपयोग निरुत्साहित गर्नेतथा कार्यक्रममा दोहोरोपना हुन नदिने।

(ङ) सशर्त वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

**५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

**(क)विवरण प्रकाशन गर्नुपर्नेः** कार्यक्रमसञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको बाली,अनुदानग्राहीसँग भएको सम्झौताको विवरण प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

(अ)कार्यक्रम संचालन भएका प्रदेश/स्थानीय तहहरुले चौमासिक एवं वार्षिक प्रगति विवरण कृषि विभागमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने प्रदेश/स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः** कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछन्। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

**(घ)** यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## ६. कार्यक्रम समवद्ध तालिकाहरुः

### तालिका १: कृषक पहिचान चिन्ह

Group Logo

| GP | KA | PM | W20 | FID13 | PC01 |
|---|---|---|---|---|---|

GP = Province Name (Gandaki Province)

KA =District Name (Kaski District)

PM = Municipality name (Pokhara Metro)

W20 = Ward No. (20)

FID13 = Farmers Identity No (13)

PC = Product Cateory (01= Organic Certified Product; 02= Organic In-conversion Product; 03= Production Without Use of Chemical Pesticides; 04= Traditionally Grown Product)

*(नोटः उल्लेखित विवरणहरु उदाहरणको लागि दिईएको)*

### तालिका २: अभिलेख राख्नु पर्ने विवरणहरु

(क) उत्पादन योजना,
(ख) उत्पादन सामाग्री जस्तै वीउ, मल, विषादी आदीको श्रोत, किसिम र परिमाण,
(ग) प्रयोग गरीएको समय र पटक,
(घ) उत्पादन गरीएको वाली तथा जात,
(ङ) उत्पादन लागत
(च) उत्पादन र विक्रि परिमाण,
(छ) विक्री गरीएको स्थान लगायतका अन्य उत्पादन क्रियाकलापहरु
(ज) बिक्री मूल्य

### तालिका ३ : नमूना प्रदर्शन कार्यक्रममा "प्राङ्गारिक उत्पादन" का लागि प्राविधिक स्पेशिफिकेशन विवरण (६० रोपनीको जमिनमा खेतिका लागी)

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि. *१ मि. को २ वटा, ३.५ मि. *३ मि. को छाना, कम्तिमा १.५ फिट उचाई र ३००० गड्यौला) | १२ |
| २ | कम्पोष्ट मल,वा गहुत सकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट x १५ फिट,गहुत संकलन टयाँक १x१x०घन मिटर ५.,छाना आदि | १२ |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लि. को २ वटा | २४ |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ |
| ५ | नर्सरी स्थापना वा विउविरुवा | पोलिव्याग,नर्सरी ट्रे,विउ विरूवा खरिद | १ |
| ६ | सिंचाइ सुविधा | थोपा,स्प्रिङ्कलर,वर्षा पानी संकलन पोखरी | १ |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ गुणा ३ वर्ग मि को बोर्ड, अडयाउने टेका सहित | २ |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | १ |
| ९ | स्प्रेयर | कम्तिमा १६लिटरको | १२ |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग,साधारण मेशिन,लेवल छपाइ आदी | १ |
| ११ | उत्पादन संकलन तथा ढुवानी | लेवलिङ्ग सहितको क्रेट,ब्यालेन्स आदी | १ |
| १२ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेखिकरण राख्ने, | १ |

**तालिका ४ :नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादन कार्यक्रम (वर्ग मिटर प्लाष्टिक घरमा खेतिको लागि१५००)**

| कसं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्लाजमिनमा" प्राङ्गारिक उत्पादन "उत्पादक खर्च अनुदानको वुदाँ १ देखि ११सम्म | १ |
| २ | बासकोप्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर | स्पेसिफिकेशन तल तालिकामा दिइएको छ जुन वढिमा व.मि. ३६० हुनेछ | १ |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितकोउत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कमहुन्छ उक्त रकम | |

**तालिका ४ (क): बासको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर निर्माणको स्पेसिफिकेशन**

| क स | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक,इन्सेक्ट नेटर मल्चिङ प्लाष्टिक | · ९०GSM वा सो भन्दाबढीकोसिल्पोलिन वा २००माइक्रोनकोUV प्लास्टिक<br>·Plastic thickness भौगोलिक अनुकुलता बमोजिम तोक्न सकिने |
| | | · इन्सेक्ट नेट अनिवार्य लगाउनु पर्ने |
| | | · मल्चिङ प्लास्टिक अनिवार्य लगाउनु पर्ने |
| २ | बाँस | · खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगोटिङ्गो नभइ सोझो हुनु पर्नेछ |
| | | · धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएकोहुन सक्नेछ |
| ३ | उचाइ तथा चौडाइ | · धुरी खामोको उचाइ ४ मिटर जसमध्ये ६० से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | · छेउको खामोको उचाइ ३ मिटर जसमध्ये ६० से. मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | · चौडाइआवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसारहुनु पर्ने तर ७ देखी १० मिटर भन्दाबढि हुनु नहुने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

तालिका ५:पुराना संरचनामा सुधार गरी प्राङ्गारिक खेति कार्यक्रम(१५०० व.मि. टनेलमा खेतिको लागी)

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्लाजमिनमा" प्राङ्गारिक उत्पादन "उत्पादक खर्च अनुदानको वुदाँ १ देखि ११सम्म | १ |
| २ | Insect net लगाउने | टनेललाइ ढाक्ने गरि ४० Meshको UV Protected Insect Net | १ |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितकोउत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कमहुन्छ उक्त रकम | ३ |

तालिका ६: खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" का लागि प्राविधिक स्पेशिफिकेशन विवरण (पाँच रोपनी खुल्ला जमिनमा खेतिको लागी)

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि.*१ मि.को २ वटा, ३.५ मि.*३ मि.को छाना, कम्तिमा १.५ फिट उचाई र ३००० गडयौला) | १ |
| २ | कम्पोष्ट मल,वा गहुत सकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट x १५ फिट,गहुत संकलन ट्याँक १x१x०घन मिटर ५.,छान आदि | १ |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लिवटा २को . | २ |
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ |
| ५ | नर्सीरि स्थापना वा विउविरुवा/ | पोलिव्याग,नर्सरी ट्रे,विउ विरूवा खरिद | १ |
| ६ | सिंचाइ सुविधा | थोपा,स्प्रिङ्कलर,वर्षा पानी संकलन पोखरी | १ |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २मिमिको वोर्ड.व ३गुणा .,अडयाउने टेका सहित | १ |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | |
| ९ | स्प्रेयर | कम्तिमा १६लिटरको | २ |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग,साधारण मेशिन,लेवल छपाइ आदी | १ |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापकोप्रतिवेदन वनाउन र पेश गर्न | १ |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

## अनुसूची १

## चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम/प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रम

कार्यक्रम संचालन गर्ने निकायको नामः आ.व. २०७... महिनाः

### १. कार्यक्रम कार्यान्वयन अवस्था

| क.स. | प्रतिवेदन अवधिमा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

### २. कार्यक्रमको प्रतिफल(कार्यक्रम अन्तर्गत सञ्चालित सम्भाग, छनौट भएको बाली, लाभग्राही, क्षेत्रफल, उत्पादन, रोजगारी सृजना आदि):

- 
- 
- 

### ३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क. स. | वार्षिक विनियोजन (रु. हजारमा) | प्रतिवेदन अवधिको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### ४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

- 

# २. आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम
# कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/०५/०९ को निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको।

## आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

१. **कार्यक्रमको परिचयः** कृषि विभाग र आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने प्याज गानो उत्पादन कार्यक्रम, व्यवसायिक/आधुनिक तरकारी खेति कार्यक्रम, लागत सहभागितामा कौशी खेति प्रवर्द्धन कार्यक्रम, लागत सहभागितमा व्यवसायिक तरकारी उत्पादन कार्यक्रम, तरकारी खेति प्रवर्द्धन कार्यक्रम, चेपाङ्ग, दलित, माझी, वराम र कुमाल लगायात सिमान्तकृत समुदायको लागि आयआर्जन कार्यक्रम, उन्नत आलु खेति प्रवर्द्धन कार्यक्रम, लागत सहभागितमा तरकारी/ फलफुल नर्सरी स्थापना कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

१.१ **लक्ष्य/उद्देश्यः** यस कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) आलु, तरकारी र मसला बालीको उत्पादन र उत्पादकत्व बढाउने।

(ख) चेपाङ्ग, माझी, वराम, दराई, दलित, कुमाल लगायात सिमान्तकृत समुदायलाई तरकारी खेतिमा आकर्षित गरी आय आर्जनमार्फत जीवन स्तर उकास्न सहयोग पुर्याउने ।

१.२ **लक्षित समूहः** व्यवसायिक तरकारी/प्याज खेति गर्ने कृषक, बैदेशिक रोजगारबाट फर्किएका युवा, महिला, न्युन आय भएका कृषक, चेपाङ्ग, माझी, वराम, दराई, दलित, कुमाल लगायात सिमान्तकृत समुदाय यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

१.३ **कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः** कृषि विभाग र आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरणमार्फत कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा यो कार्यक्रम लागू हुनेछ ।

१.४ **अपेक्षित उपलब्धिः** यस कार्यक्रम सञ्चालनबाट देहाय बमोजिमको प्रतिफल हासिल हुनेछः-

(क) प्याज गानो उत्पादन कार्यक्रम मार्फत आ.व. २०७७/७८ मा १० स्थानीय तहमा ५० हेक्टर क्षेत्रफलमा करिब ६०० मे. टन प्याज गानो उत्पादन हुनेछ ।

(ख) व्यवसायिक तरकारी खेति कार्यक्रम/व्यवसायिक तरकारी उत्पादन कार्यक्रम/आधुनिक तरकारी खेति कार्यक्रम/लागत सहभागितामा ब्यबसायीक तरकारी उत्पादन कार्यक्रम र लागत सहभागितामा कौशी खेति प्रवर्द्धन कार्यक्रम मार्फत ७ स्थानीय तहमा करिब ४० हेक्टर क्षेत्रफलमा तरकारी खेति भई करिब ५६० मे.टन. मौसमी तथा बेमौसमी ताजा तरकारी उत्पादन हुनेछ ।

(ग) उन्नत आलु खेति प्रवर्द्धन कार्यक्रम मार्फत १५ हेक्टर क्षेत्रफलमा करीब २४० मे.टन खायन आलु उत्पादन हुनेछ ।

(घ) चेपाङ्ग, माझी, वराम, दराई, दलित, कुमाललगायात सिमान्तकृत समुदायमा करिब २५ हेक्टर क्षेत्रफलमा करिब ३५० मे .टन ताजा तरकारी उत्पादन गरी आयआर्जन मार्फत उक्त समुदायको जीवनस्तर सुधारमा सघाउ पुग्नेछ ।

(ङ) लागत सहभागितामा तरकारी/फलफुल नर्सरी स्थापना कार्यक्रम मार्फत २ स्थानीय तहमा न्युनतम ६०० वर्ग मीटर क्षेत्रफलको आधुनिक नर्सरी निर्माण भइ तरकारी तथा फलफुल बेर्ना उत्पादन सुरु हुनेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

२. **कार्यक्रमका आधारभूत पक्षहरु तथा सञ्चालन हुने क्रियाकलापहरुः**

**२.१ सञ्चालन हुने क्रियाकलापहरुः** यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम सञ्चालन हुने क्रियाकलापहरु देहाय बमोजिम हुनेछः-

(क) **अभिमूखीकरण कार्यक्रमः** कार्यक्रम संचालन गर्नुपूर्व क्लस्टरमा संलग्न कृषकहरुलाई सम्बन्धित कार्यक्रम सम्वन्धी आवश्यक जानकारी दिनको लागि स्थानीय तहले अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) **बीउ खरिदमा सहयोगः** आलु/तरकारी/प्याज आलु उत्पादनको लागि उन्नत बीउ खरिदको लागि अनुदान दिईनेछ। बीउ आलुको व्यवस्थापन तथा खरिद कार्य अनुदानग्राही आफैले गर्नुपर्नेछ।

(ग) **यान्त्रीकरण सहयोगः** आलु/तरकारी/प्याज गानो उत्पादनमा यान्त्रीकरणको लागि मिनी टिलर, पावर टिलर, आलुको ड्याङ् वनाउने मेशिन (उन्नत आलु उत्पादन कार्यक्रमका हकमा), पावर टीलर एटेचमेन्टहरु खरिदमा रकम उपलव्ध गराईनेछ। यन्त्रहरुको परिमाण वार्षिक कार्यक्रममा तोकिए वमोजिम हुनेछ। अनुदानग्राही आफैले यन्त्रहरु नियमानुसार खरिद गरिसकेपछि मात्र रकम भुक्तानी हुनेछ।

(घ) **आकस्मिक बाली संरक्षण सेवाः** आलु/तरकारी/प्याज गानो उत्पादन क्षेत्रमा विभिन्न रोग तथा किराबाट बालीलाई बचाउनको लागि आवश्यक वाली संरक्षण सामग्री खरिद गरी प्रयोग गर्नको लागि अनुदान रकम उपलव्ध गराईनेछ।

(ङ) **प्लास्टिक घर/नर्सरी निर्माण सहयोगः** तरकारी उत्पादन कार्यक्रम तथा तरकारी/फलफुल नर्सरी निर्माण कार्यक्रमका लागि बाँस/एम.एस/जी.आइको प्रयोग गरि प्लास्टिक गर निर्माण गर्न सहयोग गरिनेछ। अनुदानग्राही आफैले उपकरणहरु खरिद गरि प्लास्टिक घर निर्माण गरिसकेपछी मात्र रकम भुक्तानी हुनेछ।

(च) **जर्मिनेशन ट्रे/प्लास्टिक गमला/थोपा सिचाई सहयोगः** कौशी खेति प्रवर्धन कार्यक्रमका लागि कौशीमा तरकारी उत्पादनका लागि प्रयोग हुने उपकरणका लागि अनुदान रकम उपलब्ध गराइने छ । अनुदानग्राही आफैले उपकरणहरु खरिद गरिसकेपछी मात्र रकम भुक्तानी हुनेछ ।

(छ) **साना सिंचाइ सहयोगः** तरकारी उत्पादन कार्यक्रमका लागि साना सिंचाइ आयोजना निर्माण तथा मर्मतका लागि लागि अनुदान रकम उपलब्ध गराइने छ । अनुदानग्राही आफैले साना सिंचाइ निर्माण वा मर्मत गरिसकेपछी मात्र रकम भुक्तानी हुनेछ ।

(ज) **होर्डिङ्ग बोर्डः** अनुदानग्राहीले आलु/तरकारी/प्याज गानो उत्पादन स्थलमा उत्पादन तथा अनुदान सम्वन्धी विवरण सहित होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ।

(झ) माथी उल्लेख भए अलावा कार्यान्वयन समितिले अत्यावश्यक ठानेका अन्य यथोचित क्रियाकलापहरु समावेश गर्न सक्नेछ तर बार बन्देज एवं गैह उत्पादनमूलक क्रियाकलापमा बजेट खर्च गर्न पाईने छैन ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाडौं, नेपाल

## २.२ कार्यक्रमका आधारभूत पक्षहरु

| कार्यक्रम | प्रति स्थानीय तह |
|---|---|
| प्याज गानो उत्पादन कार्यक्रम | ५ वटा क्लस्टर निर्माण गरी कार्यक्रम संचालन गर्ने, एक क्लस्टर न्यूनतम १ हेक्टर (२० रोपनी/३०कट्ठा) हुनुपर्ने |
| व्यवसायिक तरकारी खेति कार्यक्रम | न्यूनतम ३० जना कृषक छनोट गर्ने (प्रत्येक कृषकले न्यूनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने) |
| व्यबसायिक तरकारी उत्पादन कार्यक्रम | न्यूनतम ४० जना कृषक छनोट गर्ने (प्रत्येक कृषकले न्यूनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने) |
| आधुनिक तरकारी खेति कार्यक्रम | न्यूनतम ३० जना कृषक छनोट गर्ने (प्रत्येक कृषकले न्युनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने) |
| लागत सहभागितामा कौशी खेति प्रवर्धन कार्यक्रम | न्यूनतम ३० जना कृषक छनोट गर्ने |
| लागत सहभागितमा तरकारी/नर्सरी स्थापना कार्यक्रम | न्यूनतम २ वटा स्थायी प्लास्टिक नर्सरी स्थापना गर्ने (प्रत्येक स्थायी प्लास्टिक घरको क्षेत्रफल न्यूनतम १५० वर्गमीटर हुनुपर्ने) |
| तरकारी खेति प्रवर्धन कार्यक्रम | न्यूनतम ४५ जना कृषक छनोट गर्ने (प्रत्येक कृषकले न्यूनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने) |
| चेपाङ्ग, दलित, माझी, वराम र कुमाल लगायात सिमान्तकृत समुदायको लागि आय आर्जन कार्यक्रम | एकल वा सामुहिक रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने र उत्पादन क्षेत्रफल स्थानीय तहले निर्धारण गर्ने |
| चेपाङ्ग, माझी, वराम र दराई लगायात सिमान्तकृत समुदायको लागि आयआर्जन कार्यक्रम | एकल वा सामुहिक रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने र उत्पादन क्षेत्रफल स्थानीय तहले निर्धारण गर्ने |
| उन्नत आलु खेति प्रवर्द्धन कार्यक्रम | ३ वटा क्लस्टर निर्माण गरी कार्यक्रम संचालन गर्ने, एक क्लस्टर बराबर न्यूनतम ५ हेक्टर (१०० रोपनी क्षेत्रफल हुनुपर्ने) |
| लागत सहभागीतामा तरकारी उत्पादन कार्यक्रम (सहकारी संस्था लि मार्फत) | न्यूनतम ४० जना कृषक छनोट गर्ने (प्रत्येक कृषकले न्यूनतम ३ रोपनी क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने) |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

३. कार्यक्रम सञ्चालन विधिः

३.१ माग सङ्कलन

(क) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रममा सहभागी हुन बुँदा नं. १.२ मा उल्लेखित योग्य आवेदकबाट माग सङ्कलन गर्न सम्वन्धित स्थानीय तहले नियमानुसार सूचना प्रकाशन गर्नेछ।

(ख) बुँदा नं. २.२ अनुसारको आधारभूत पक्षहरु बमोजिमको मापदण्ड पुरा गर्ने कृषक/समूह/सहकारी/निजी फार्म/स्थानीय आवेदन पेश गर्न योग्य हुनेछन ।

३.२ कार्यक्रम सञ्चालन हुने क्षेत्र निर्धारण तथा लाभग्राही छनौट :

(क) आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तरगतका क्रियाकलाप कार्यान्वयनको लागि सम्वन्धित स्थानीय तहले समिति गठन गर्नेछ । तर सम्वन्धित स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) समितिले आवश्यकता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विशेषज्ञ, संघ एवं प्रदेश सरकारो जिल्लास्थित कार्यालय/फार्म केन्द्रलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(अ) माग संकलनको लागि सूचना आह्वान गर्ने, मुल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने।

(आ) कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक लागत अनुमान तयार गर्ने ।

(इ) प्राप्त निवेदनहरुको मुल्याङ्कन गरी अनुदानग्राही छनौट गर्ने ।

(ई) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने।

(उ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने।

(ऊ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने ।

(ए) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने ।

(ऐ) कार्यक्रम अनुगमन गरी पृष्ठपोषण गर्ने।

(घ) समितिको सचिवालयको कार्य सम्बन्धित स्थानीय तहको कृषि शाखा/ इकाईले गर्नेछ।

(ङ) कार्यक्रम सञ्चालन प्रकृया अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिश, संचालित क्लस्टरहरुको अनुगमन तथा भुक्तानी सिफारिश लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले उप समिति गठन गर्न सक्नेछ।

(च) उप समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

३.३ अनुदान प्रवाह

(क) यस कार्यक्रम अन्तर्गतका क्रियाकलापको सहजीकरण सेवा तथा सुविधा (अनुदान सिमा) स्थानीय तहले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित स्थानीय तहले अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(ग) बुँदा (ख) बमोजिम हुने सम्झौता बमोजिम स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ।

**४. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकाय र तिनको जिम्मेवारी**

**४.१ संघीय सरकार**

(क) कार्यक्रम सञ्चालनको लागि प्रदेश एवं स्थानीय तहसँग समन्वय ।

(ख) कार्यक्रम सम्बन्धी प्राविधिक पृष्ठपोषण गर्ने ।

(ग) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धि कम्पाईलेशन ।

**४.२ प्रदेश सरकार**

(क) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) कार्यक्रम सञ्चालन गर्ने दौरानमा आई परेका समस्याहरुको समाधानको पहल गर्ने ।

(ग) संघीय सरकार एवं स्थानीय तहसँग समन्वय ।

(घ) अनुदान दुरुपयोग निरुत्साहित गर्ने ।

**४.३ स्थानीय तह**

(क) कार्यक्रम विस्तृतीकरण तथा स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने ।

(ख) क्षेत्र छनौट तथा अनुदानग्राही छनौटका कार्यको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने।

(ग) सञ्चालित कार्यक्रमको नियमित अनुगमन गरी कार्यान्वयनमा बाधा व्यवधान आइपरेमा समाधानका लागि राष्ट्रिय आलु ,तरकारी तथा मसलाबाली विकास केन्द्रमा पठाउने ।

(घ) सशर्त वित्तीय हस्तान्तरणमार्फत कार्यक्रम सञ्चालन हुने सम्वन्धसत स्थानीय तहले लागत समाझेदारी गर्नुपर्ने भनि संघीय निकायबाट तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चित गर्ने ।

(ङ) तोकिएको ढाँचामा नियमित प्रगति प्रतिवेदन सम्बन्धित केन्द्रमा प्रेषित गर्ने ।

**५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

**(क) विवरण प्रकाशन गर्नुपर्ने:** कार्यक्रम सञ्चालनको लागि छनौट भएको अनुदानग्राही तथा अनुदानग्राहीसँग भएको सम्झौताको विवरण स्थानीय तहले नियमित अध्यावधिक गरी सूचना पाटी र वेवसाईटमा प्रकाशन गर्नेछ ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्ने:**

(अ) कार्यक्रम संचालन भएका प्रदेश/स्थानीय तहहरुले चौमासिक एवं वार्षिक प्रगति विवरण राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने प्रदेश/स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कन:** कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछन्। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

**(घ)** यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार काठमाडौं, नेपाल

## अनुसूची-१
## चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम
कार्यक्रम संचालन गर्ने निकायको नामः आ.व. २०७... महिनाः

### १. कार्यक्रम कार्यान्वयन अवस्था

| क.स. | प्रतिवेदन अवधिमा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

### २. कार्यक्रमको प्रतिफल (छनौट भएका क्लष्टर, लाभग्राही, कार्यक्रम सञ्चालन भएको क्षेत्रफल, बाली, उत्पादन, रोजगारी सृजना आदि):

- 
- 
- 
- 

### ३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क. स. | वार्षिक विनियोजन (रु. हजारमा) | प्रतिवेदन अवधिको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### ४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

- 
- 
- 

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

# ३. बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/०५/०९ को निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

## बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन प्रक्रिया, २०७७

### १. कार्यक्रमको परिचयः

राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना एवं नर्सरी क्षमता अभिबृद्धि कार्यक्रमकोप्रभावकारी कार्यान्वयनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

**१.१ लक्ष्य/उद्देश्यः** यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार संचालन हुने कार्यक्रमहरुको देहाय बमोजिम उद्देश्य रहेको छः-

(क) नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना गरी गुणस्तरीय बिरुवा आपूर्ति बृद्धि गर्ने,

(ख) पुराना फलफूल नर्सरीहरुको बिरुवा उत्पादन क्षमता बृद्धि गरी गुणस्तरीय बिरुवा उत्पादन बृद्धि गर्ने,

(ग) कृषकहरुलाई रोजगारी तथा आय आर्जनका अवसरहरु सिर्जना गरी जीवनस्तर उकास्न सहयोग गर्ने।

**१.२ लक्षित समूहः** यस कार्यक्रममा कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म/ दर्ता भएका फलफूल नर्सरी सहभागी हुन सक्नेछन् ।

**१.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः**राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरणमार्फत नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना एवं नर्सरी क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरुमा यो कार्यक्रम लागु हुनेछ।

**१.४ अपेक्षित उपलब्धिः** यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार संचालन हुने कार्यक्रमहरुबाट देहायबमोजिमका उपलब्धि हासिल हुनेछन्ः-

(क) नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना भई फलफूल, तरकारी तथा आलंकारीक बीउ/बेर्ना/विरुवाको आपूर्ति बृद्धिहुनेछ।

(ख) पुराना फलफूल नर्सरीहरु सुदृढिकरण भई गुणस्तरीय बिरुवा उत्पादन बृद्धि हुनेछ।

(ग) कृषकको माग अनुसारको गुणस्तरीय फलफूल बिरुवा आपूर्ति सहज हुनेछ ।

(घ) स्वरोजगार तथा थप रोजगारीको अवस्था सिर्जना हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

२. **कार्यक्रमका आधारभूत पक्षहरु तथा सञ्चालन हुने क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना एवं हाल सञ्चालनमा रहेका नर्सरीको क्षमता अभिबृद्धिका क्रियाकलापहरु सञ्चालन हुनेछ।

**२.१ कार्यक्रम संचालनका आधारभूत पक्षहरुः**

(क) बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि मुख्य उत्पादन फलफूलका बिरुवा र अन्य उत्पादनमातरकारी, आलंकारीक बिरुवा समेत समावेश गर्न सकिने छरस्थापित नर्सरीहरुको क्षमताअभिबृद्धि कार्यक्रममा दर्ता भएको फलफूल नर्सरीलाई मात्र कार्यक्रममा समावेश गर्न सकिनेछ।

(ख) सम्बन्धित बालीको बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी अवस्थित हुनु पर्नेछ। सुन्तलाजात फलफूल नर्सरीको हकमा समुद्री सतहबाट १२०० मीटर भन्दा माथि मात्र नर्सरी स्थापना गर्नु पर्नेछ।

(ग) आवश्यकता अनुसारको बिरुवा उत्पादन गर्न सकिने तथा अन्य सुविधाहरु समायोजन गर्न सकिने क्षेत्रफल हुनु पर्नेछ। जालीघरमा भए विरुवा उत्पादनको लागि कम्तीमा २ रोपनी र खुला जग्गामा भए कम्तीमा ५ रोपनीमा नर्सरी हुनु पर्नेछ।

(घ) आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिई नर्सरी स्थापना गर्न चाहेमा वा गरेको भएमा कम्तिमा पनि १० बर्षको लागि करार सम्झौता गरेको हुनु पर्नेछ।

(ङ) नयाँ स्थापित बहुउद्देश्यीय नर्सरी तथा क्षमता अभिबृद्धि गरिएको नर्सरीहरुको हकमा बार्षिक रुपमा कम्तिमा क्रमशः १०००० तथा १५००० गुणस्तरीय फलफूल विरुवा उत्पादन क्षमता भएको हुनु पर्नेछ।

(च) नर्सरीमा बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको ब्यक्तिलाइ प्राथमिकता दिनु पर्नेछ।

(छ) कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(ज) बर्षैभरी पानीको उपलब्धता सुनिश्चित भएको स्थान हुनु पर्नेछ।

(झ) बिजुली तथा संचार सुविधा भएको हुनु पर्नेछ।

(ञ) नर्सरी भएको स्थानमा कुशल श्रमिकहरु सजिलै उपलब्ध हुन सकिने वा तालिम दिएर सीप सिकाउन सकिनेजनशक्तिको उपलब्धता, यातायात र मुख्य सडकसँग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ।

(ट) बार्षिक बिरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गरेको हुनु पर्नेछ ।

**२.२ कार्यक्रम विस्तृतीकरणतथा सहजीकरण सेवा तथा सुविधाः**

(क) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालन हुने बहुउद्देश्यीय नर्सरी स्थापना एवं हाल सञ्चालनमा रहेका नर्सरीको क्षमता अभिबृद्धिकार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप संचालन गर्न सकिनेछ।

(अ) नयाँ बहुउद्देशीय नर्सरी स्थापना तथा स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि गर्न आवश्यकबीउ, बेर्ना खरीद,

(आ) कृषि औजार उपकरण खरिद,

(इ) मलखाद, बिषादी र अन्य आवश्यक सामग्री खरिद,



नेपाल सरकार ... विकास मन्त्रालय ... नेपाल

(ई) सिंचाइ पूर्वाधार,

(उ) माउ बोट संरक्षणको लागि आवश्यक सामग्री खरिद,

(ऊ) संरचना निर्माण (ग्रीनहाउस, स्क्रीन हाउस, सेडहाउस, नर्सरी सुरक्षा बारबन्देज आदि),

(ए) अन्य अत्यावश्यक सामग्री एवं पूर्वाधार ।

(ख) बुँदा (क) मा उल्लेखित आधारको साथै स्थानीय आवश्यकता एवं प्राविधिक दृष्टिकोणले आवश्यक अन्य क्रियाकलाप समावेश गर्न सकिनेछ तर गैह्र उत्पादनमूलक संरचनामा बजेट खर्च गर्न पाईने छैन ।

(ग) बुँदा (क) मा उल्लेखित क्रियाकलापको सहजीकरण सेवा तथा सुविधा (अनुदानको सिमा) सम्बन्धित स्थानिय तहले निर्णय गरे बमोजिम हुनेछ ।

## ३. कार्यक्रम सञ्चालन विधि

### ३.१ माग सङ्कलनः

(क) बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालनको लागि सम्वन्धित स्थानीय तहले नियमानुसार सूचना प्रकाशन गरी माग सङ्कलन गर्नेछ ।

(ख) सूचना प्रकाशन भएपछि कृषक, कृषक समूह/सहकारी,निजी फर्म, दर्ता भएका फलफूल नर्सरीहरुले तोकिएको ढाँचामा निवेदन, कागजातहरु एवं कार्य योजनासंलग्न राखी सम्बन्धित स्थानीय तहमा निवेदन दर्ता गर्नु पर्नेछ।

### ३.२ समितिः

(क) बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालनको लागि सम्वन्धित स्थानीय तहले समिति गठन गर्नेछ ।तर स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले यो कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) समितिले आवश्यकता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विशेषज्ञएवं संघीय र प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कार्यालय/फार्म केन्द्रलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ग) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(अ) माग सङ्कलनको लागि सूचना आह्वान गर्ने, मुल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने।

(आ) कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक लागत अनुमान तयार गर्ने ।

(इ) प्राप्त निवेदनहरुको छनौटको आधारमामुल्याङ्कन गरी अनुदानग्राही छनौट गर्ने।

(ई) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागिसिफारिस गर्ने।

(उ) सम्झौता अनुसारको बिभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने।

(ऊ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने ।

(ए) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ऐ) कार्यक्रम अनुगमन गरी पृष्ठपोषण गर्ने।

(घ) समितिको सचिवालय सम्बन्धित स्थानीय तहको कृषि शाखा/इकाई रहनेछ।

(ङ) समितिलाई सहयोग गर्न समितिले उप समिति गठन गर्न सक्नेछ।

(च) उप समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

**३.३ अनुदान प्रवाह :**

(क) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित स्थानीय तहले अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(ख) बुँदा (क) बमोजिम हुने सम्झौता बमोजिम स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

**४. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकाय र तिनको जिम्मेवारीः**

**४.१ संघीय सरकार**

(क) स्थानीयतहहरुलाईनर्सरी स्थापना एवं व्यवस्थापन सम्बन्धीप्राविधिक सेवा,

(ख) कार्यक्रम संचालनमा सहजीकरण,

(ग) राष्ट्रिय स्तरमा नर्सरी एवं उत्पादित बीउ, विरुवा तथा बेर्नाको लगत तयार गर्ने ।

(घ) अनुगमन तथा पृष्ठपोषण ।

**४.२ प्रदेश सरकार**

(क) प्रदेश सरकार अन्तर्गतको कृषि हेर्ने कार्यालय (कृषि ज्ञान केन्द्र/ कृषि विकास कार्यालय/फार्म केन्द्र) हरुमार्फत प्राविधिक सेवा,

(ख) सरकारी एवं निजी स्रोत केन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(ग) प्रादेशिक स्तरमा नर्सरी एवं उत्पादित बीउ, विरुवा तथा बेर्नाको लगत तयार गर्ने ।

(घ) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ।

**४.३ स्थानीय तह**

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(ग) नियमित अनुगमन, पृष्ठपोषण एवं प्रतिवेदन।

(घ) उत्पादित बीउ, विरुवा, बेर्नाको बिक्री वितरणमा सहजीकरण,

(ङ) स्थानीय तहमा फलफूल विरुवा रोपण कार्यक्रम सञ्चालन,

(च) सशर्त वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चित गर्ने ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

**५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

**(क) विवरण प्रकाशन गर्नुपर्नेः** अनुदान प्रवाह गर्ने स्थानीय तहले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण नियमित अध्यावधिक सूचना पाटी तथा वेबसाइटमा प्रकाशन गर्नेछ । साथै राष्ट्रिय फलफूल विकास केन्द्रले समेत अनुदानग्राहीको नाम सहितको विवरण वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्ने** :

(अ) कार्यक्रम संचालन भएका स्थानीय तहहरुले चौमासिक तथा बार्षिक प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः** अनुदानग्राहीको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्तवाआवश्यकताअनुसारछुट्टाछुट्टै हुन सक्नेछन्। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

**(घ)** यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

**६. नयाँ नर्सरी स्थापना एवं हाल सञ्चालनमा रहेका नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालनका लागि आवश्यक गुणस्तर, योग्यता तथा शर्तहरुः**

**६.१ नर्सरी धनिले पालना गर्नुपर्नेः**

(क) नर्सरी धनिले मापदण्ड बमोजिमको बालीहरुको जात, बीउ, रुटस्टक, सायनस्टक आदि मात्र प्रयोग गर्नु पर्नेछ।

(ख) बिभिन्न फलफूल बालीको बीउ, बिरुवाहरु, सायन, रुटस्टक तथा माउबोटको गुणस्तर उल्लेखित तालिकाबमोजिम कायम गरेको हुनु पर्नेछ ।

(ग) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान प्राप्त गर्ने नर्सरी धनिले अनिवार्य रुपमा बिरुवाबिक्री वितरणको अनुमति पत्र लिई उत्पादित बिरुवा बिक्री वितरण गर्नु पर्नेछ ।

(घ) नर्सरीमा गरिने प्रमुख क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ ।

(ङ) नयाँ स्थापित बहुउद्देश्यीय नर्सरीलाई सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्नेछ ।

(च) बार्षिक रुपमा नर्सरी धनिले नर्सरी निरीक्षकबाट नर्सरीको निरीक्षण गराई सो को प्रतिवेदन राख्नु पर्नेछ।

(छ) उत्पादित तथा बिक्रि बितरण भएका बिरुवाको अभिलेख राख्नु पर्नेछ र बार्षिक रुपमा राष्ट्रिय फलफूल विकास केन्द्रमा उपलब्ध गराउनु पर्नेछ।

**६.२ नर्सरी बिरुवा गुणस्तर मापदण्डः**

**(क) बिक्री गर्ने फलफूल बिरुवाको गुणस्तर मापदण्डः**

(अ) रोग कीरा रहित स्वस्थ बिरुवा हुनु पर्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(आ) उन्नत जातका बिरुवालाई प्राथमिकता दिनु पर्नेछ ।

(इ) कलमी प्रविधि उपयुक्त हुने फलफूल बालीमा कलमी गरिएको बिरुवालाई प्राथमिकता दिनु पर्नेछ।

(ई) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्नेनर्सरी निरीक्षकबाट प्रमाणित भएको बिरुवाहुनु पर्नेछ ।

(उ) नियन्त्रित जालीघर भित्र उत्पादित सुन्तलाजात फलफूल बिरुवालाई प्राथमिकता दिनु पर्नेछ ।

(ऊ) स्याउको बिरुवाको हकमा क्राउन गल रोग तथा सानजोस स्केल नभएको हुनु पर्नेछ ।

(ए) बिरुवाको उमेर र न्यूनतम उचाई निम्न बमोजिम हुनु पर्नेछः-

**बिभिन्न फलफूलको बिजु बिरुवाको न्यूनतम मापदण्डः**

| क्रस | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | ओखर (दाँते) | १–३ | १–२ |
| २. | पिकानट (चुच्चे ओखर) | १–२ | १–२.५ |
| ३. | कागजी बदाम | १–२ | १.५–२.५ |
| ४. | कटुस | २ | १.५–२.५ |
| ५. | किवी | १–२ | १–२ |
| ६. | सुन्तला | १–२ | १.५–२.५ |
| ७. | कागती | १–२ | १–१.५ |
| ८. | निबुवा | १–२ | १–२ |
| ९. | चाक्सी | १–२ | १–१.५ |
| १०. | रुखकटहर | १–२ | १–२ |
| ११. | नरिवल | १–२ | १–२ |
| १२. | मेकाडेमियानट | १–२ | १–२ |
| १३. | एभोकाडो | १–२ | १–२ |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
...काठमाडौं, नेपाल

| क्रस | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १४. | सुपारी | १–२ | १–२ |
| १५. | काजु | १–२ | १.५–२.५ |
| १६. | मेवा स्थानीय (पोलिब्याग) | ६ महिना | १–१.५ |
| १७. | मेवा वर्णशंकर (पोलिब्याग) | ६ महिना | १–१.५ |
| १८. | अमला | १–२ | १–२ |
| १९. | सरीफा | १–२ | १–२ |
| २०. | कफी | ८ महिना भन्दा बढी | १–२ |
| २१. | काफल | १–२ | १–२ |
| २२. | अम्बा | १–२ | १–२ |
| २३. | बयर | १–२ | १–२ |
| २४. | बेल | १–२ | १–२ |
| २५. | जैतुन | १–२ | १–२ |

**बिभिन्न फलफूलका कलमी बिरुवाहरुको न्यूनतम मापदण्डः**

| क.स | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | ओखर (दाँते) | १.५–२.५ | १–२ |
| २. | पिकानट (चुच्चे ओखर) | १.५–२.५ | १–२ |
| ३. | कागजी बदाम | १.५–२.५ | १–२ |
| ४. | कटुस | १.५–२.५ | १–२ |
| ५. | किवी | १.५–२.५ | १–२ |
| ६. | स्याउ | १.५–२.५ | २–३ |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| क.स | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| ७. | नास्पाती | १.५–२.५ | २–३ |
| ८. | आरु | १.५–२.५ | १.५–३ |
| ९. | आरुबखडा | १.५–२.५ | १.५–३ |
| १०. | चेरी | १.५–२.५ | १.५–३ |
| ११. | खुर्पानी | १.५–२.५ | १.५–२.५ |
| १२. | हलुवावेद | १.५–२.५ | १.५–२.५ |
| १३. | लप्सी | १.५–२.५ | २–४ |
| १४. | सुन्तला | १.५–२.५ | १.५–२.५ |
| १५. | जुनार | १.५–२.५ | १.५–२.५ |
| १६. | कागती | १.५–२.५ | १ |
| १७. | निबुवा | १.५–२.५ | १–२ |
| १८. | भोगटे | १.५–२.५ | १–२ |
| १९. | चाक्सी | १.५–२.५ | १–२ |
| २०. | बिमिरो | १.५–२.५ | १–२ |
| २१. | किन्नो | १.५–२.५ | १.५–२.५ |
| २२. | मुन्तला | १.५–२.५ | ०.७५–१.५ |
| २३. | आँप (अबिहायात) | १.५–२.५ | १.५–३ |
| २४. | आँप (अम्रपाली र मल्लिका) | १.५–२.५ | १.५–३ |
| २५. | आँप (अन्य जात) | १.५–२.५ | १.५–३ |
| २६. | सपोटा | १.५–२.५ | २ |

| क.स | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| २७. | एभोकाडो | १.५–२.५ | १.५–३ |
| २८.. | लौकाट | १.५–२.५ | १–२ |
| २९. | जैतुन | १.५–२.५ | १–२ |
| ३०. | फीजुवा | १.५–२.५ | १–२ |

**विभिन्न फलफूलको कटिङ्ग (जरावाल बिरुवा)**

| क.सं | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | अनार | १ | १.५–२.५ |
| २. | अंगुर | १ | १.५–२.५ |
| ३. | अंजिर | १ | १.५–२.५ |
| ४. | हजेलनट | १–२ | १.५–२.५ |
| ५. | जैतुन | १–२ | १–२ |
| ६. | भुई ऐसेलु(स्ट्रबेरी) | ३–६ महिना | १ |

**कटिंग र कलमी बाहेक अन्य वानस्पतिक तरीकाबाट उत्पादन गरिएका फलफूलका बिरुवा**

| क.सं | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | लिची | १–२ | १–२ |
| २. | अम्बा | १–२ | १.५–२.५ |
| ३. | भुइकटहर | ४ महिना | ०.५–१.५ |
| ४. | केरा (सकर्स) | ३– ६ महिना | १–२ |
| ५. | केरा( टिस्युकल्चर) | १ | १–२ |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

स्क्रिनघर भित्र उत्पादित प्रमाणिकरण गरेको सुन्तलाजात फलफूलको कलमी बिरुवा

| क्र.सं | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | सुन्तला | १.५–२.५ | १.५–२.५ |
| २. | जुनार | १.५–२.५ | १.५–२.५ |
| ३. | कागती | १.५–२.५ | १–१.५ |

फलफूलको रुटस्टक बिरुवा

| क्र.सं | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | स्याउ | १–२ | १.५–२.५ |
| २. | इडी मयल | १–२ | १–२ |
| ३. | क्रेब एप्पल | १–२ | १–१.५ |
| ४. | हाडे ओखर | १–२ | १–२ |
| ५. | हलुवावेद | १–२ | १–२ |
| ६. | चेरी | १–२ | १.५–३ |
| ७. | तिनपाते सुन्तला | १–२ | १–१.५ |
| ८. | लप्सी | १ | १.५–२.५ |
| ९. | सिट्रेन्ज | २ | १–१.५ |
| १०. | ज्यामिर | १–२ | १–१.५ |
| ११. | आँप | १–२ | १–२ |
| १२. | किवी | १ | १–१.५ |
| १३. | आरु(स्थानीय) | १–२ | १–१.५ |
| १४. | जैतुन | १ | १–१.५ |

**(ख) माउबोटको गुणस्तर**

(अ) माउबोटको स्रोत खुलेको हुनु पर्नेछ ।

(आ) माउबोटमा आनुवांशिक शुद्धता हुनु पर्ने र सर्वश्रेष्ठ गुण भएको हुनुपर्नेछ ।

(इ) रोग कीरा नलागेको हुनु पर्नेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय काठमाडौं, नेपाल

(ई)जात छुट्याएर ट्यागिङ गरिएको हुनु पर्नेछ ।

(उ)सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनु पर्नेछ ।

## अनूसूची-१

### चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम
कार्यक्रम संचालन गर्ने निकायको नामः आ.व. २०७... महिनाः

१. कार्यक्रम कार्यन्वयन अवस्था

| क्र.स. | यस महिनामा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

२. कार्यक्रमको प्रतिफल (नयाँ स्थापना तथा क्षमता अभिवृद्धि भएका नर्सरीको संख्या, लाभग्राही, उत्पादित बीउ/विरुवा/बेर्ना संख्या, रोजगारी सिर्जना आदि):

-
-

३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क्र. स. | वार्षिक विनियोजन (रु. हजारमा) | यस महिनाको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

-



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय ...ढौं, नेपाल

# ४. फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/०९ गतेको निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

# फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

## १. कार्यक्रमको परिचयः

राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्धन कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

### १.१ लक्ष्य/उद्देश्य

यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिकखाली जग्गाहरुमा फलफूलका विरुवा रोपण गरी पर्यावरणीय सुधार तथा भू-उपयोगिता बढाई उत्पादनशील बनाउने,

(ख) निजी जग्गामा फलफूल खेतिको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

### १.२ लक्षित समूह

यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालन हुने कार्यक्रममा देहाय बमोजिमका लाभग्राही हुनेछन्:-

- भूमिहीन कृषक/ करार खेति
- व्यवसायिक कृषक
- विदेशबाट फर्केका युवाहरु
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रममासूचीकृत भएका युवाहरु
- निजी कृषिफर्म,
- कृषकसमुह तथासहकारीहरु
- स्थानीय युवा क्लबहरु
- स्थानीय उपभोक्ता समिति
- कम्पनी तथा अन्य संघसंस्थाहरु
- संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन भएका अन्य विभिन्न कार्यक्रममा सूचीकृत कृषक

### १.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थान

राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्धन कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरुमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

### १.४ अपेक्षित उपलब्धि

(क) सार्वजनिक खाली जग्गाहरुमा फलफूलका विरुवा रोपण गरी उत्पादनशील बनाउने,

(ख) निजी जग्गामा फलफूल खेतिको क्षेत्र विस्तार हुने,



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय ... नेपाल

(ग) स्थानीय स्तरमा रोजगारी सिर्जना हुने,

## २. कार्यक्रमको आधारभूत पक्षहरु तथा सञ्चालन हुने क्रियाकलापहरुः

### २.१ सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रमः

(क) सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम सञ्चालनको प्रमुख जिम्मेवारी सम्बन्धित स्थानीय तहमा रहनेछ । यस अन्तर्गत सार्वजनिक जग्गाको उपयुक्त खाली क्षेत्रमा फलफूल विरुवा रोपण गरिनेछ।

(ख) फलफूल खेति विस्तारको लागि सम्वन्धित स्थानीय तहले फलफूल विरुवा रोपण गर्न सकिने सम्भाव्य सार्वजनिक जग्गाहरुको पहिचान गरी अभिलेखीकरण गर्नेछ । पहिचान गरिएका उक्त क्षेत्रहरुमा फलफूल खेति गर्नका लागि ३ देखि ५ बर्षे योजना बनाई लागु गरिनेछ ।

(ग) पहिचान भएका सार्वजनिक जग्गाहरुलाई फलफूल खेति गर्न सकिने सम्भाव्यताको आधारमा निम्न तीन किसिममा वर्गीकरण गरिनेछः-

(अ) १-२ लाइनमा मात्र विरुवा रोप्न सकिने रोड कोरिडोर, नदि किनार आदि क्षेत्र ।

(आ) व्यक्तिगत जग्गा सडक वा अन्य सरकारी प्रयोजनको लागि उपलब्ध गराएको हकमा सो जग्गाहरु (जस्तै मध्य पहाडी रोड कोरिडोर क्षेत्र) मा लगाईने फलफुल खेति ।

(इ) खेतिगर्न उपयुक्त रहेका सार्वजनिक जग्गाहरु (जस्तै विद्यालय, कलेजका खाली जग्गाहरु, वन जंगल नभएका सार्वजनिक बाँझो जग्गाहरु, नदी किनारका फराकिलो खाली जग्गा आदि)

(घ)यसरी वर्गीकरण गरिएका सार्वजनिक जग्गाहरुमा स्थानीय माग, संभावना तथा तुलनात्मक लाभका आधारमा उक्त क्षेत्रमा सिफारीस गरिएका फलफूल बालीमध्ये स्थानीय तहले निर्धारण गरेका फलफूल बाली लगाउन सकिनेछ ।

### २.२ निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रमः

(क) निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी सम्बन्धितस्थानीय तहमा रहनेछ । यसको सहजीकरण आवश्यकता अनुसार राष्ट्रिय फलफूल विकास केन्द्रबाट हुनेछ।

(ख) निजी जग्गामा फलफूल विरुवा रोपण गर्दा आवेदकको कार्य योजनाको आधारमा लागत इष्टिमेट बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

(ग) निजी जग्गामा फलफूल खेति विस्तारको लागि पहाडमा कम्तिमा २ रोपनी र तराइमा कम्तिमा ३ कट्ठा क्षेत्रफलमा बगैचा स्थापना गर्नु पर्नेछ ।

(घ) बुँदा नं. (ग) मा उल्लेख भएको व्यवसायिक बगैंचा स्थापना कार्यक्रमको साथै घरायसी प्रयोजनको लागि करेसा बगैंचा स्थापनाको लागि माग भए बमोजिमको कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ ।

## ३. कार्यक्रम सञ्चालन विधिः

### ३.१ कार्यक्रम विस्तृतीकरण तथा सहजीकरण सेवा सुविधा

(क) यस कार्यक्रम संचालन प्रक्रियाको बुँदा २ बमोजिमको कार्यक्रममा तालिका १ बमोजिमको क्रियाकलाप संचालन गर्न सकिनेछ ।

(ख) बुँदा (क) बमोजिमका क्रियाकलापको सहजीकरण सेवा तथा सुविधा (अनुदान सीमा) सम्वन्धित स्थानीय तहले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) बुँदा (ख) बमोजिम सहजीकरण सेवा तथा सुविधा (अनुदान सीमा) निर्धारण गर्दा स्थानीय तहले सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम तथा निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रमका लागि



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

अलग अलग अनुदान सीमा निर्धारण गर्न सक्नेछ ।

**तालिका १: कार्यक्रमको विस्तृतिकरण तथा सहजीकरण सेवा सुविधा**

| क्र.स | क्रियाकलापको विवरण | | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | प्रथम वर्ष | दोश्रो वर्ष | | |
| १. | जग्गाको सरसफाई, बगैचा रेखांकन गर्ने, बिरुवा रोप्न खाडल खन्ने, मल मिसाउने तथा पुर्ने, बिरुवा रोप्ने, टेका तथा छापो राख्ने ज्यामी | | स्थानीय तहको निर्णयानुसार लागत इष्टिमेटको निश्चित रकम अनुदान निर्धारण हुने । | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रमतथा निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम दुवैमा लागू हुने । |
| २. | फलफूल विरुवा खरिद तथा वितरण | | सरकारी दररेट, प्रचलित बजार मूल्य तथा स्थानीय दररेटको आधारमातयार भएको लागत अनुमानको आधारमा स्थानीय तहको निर्णयानुसार अनुदान निर्धारण हुने । | |
| ३. | स्थानीय सामग्री तथा कम लागत प्रविधिमा आधारित विरुवा संरक्षण, हेरचाह | | लागत इष्टिमेटको रकममा स्थानीय तहको निर्णयानुसार अनुदान निर्धारण हुने । | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रममा मात्र लागू हुने । |
| ४. | कृषि औजार उपकरण खरिद | | लागत इष्टिमेटको रकममा स्थानीय तहको निर्णयानुसार आवश्यक यन्त्र उपकरणको प्रचलित बजार मुल्यमा | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रमतथा निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम दुवैमा लागू हुने । |
| ५. | सिंचाइ पूर्वाधार | | संभाव्य सिंचाइ सुविधाको लागत अनुमानमा स्थानीय तहको निर्णयानुसार अनुदान निर्धारण हुने । | |
| ६. | | बिरुवा पुन: रोपण | अनुगमनको आधारमा क्रियाकलाप २ को १०% अनुदान | सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रममा मात्र लागू हुने तथा सो का लागि स्थानीय तहले बजेट ब्यवस्थापन गर्ने |
| ७. | | फलो अप कार्यक्रम | अनुगमको आधारमा जिवित प्रति विरुवा अनुदान | |

*(नोट: १. स्थानीय आवश्यकता एवं प्राविधिक दृष्टिकोणले आवश्यक अन्य क्रियाकलाप समावेश गर्न सकिनेछ तर गैह्र उत्पादनमूलक संरचनामा बजेट खर्च गर्न पाईने छैन ।*

*२. तालिका २ बमोजिम एवं स्थानीय आवश्यकता अनुसार कार्यक्रम विस्तृतीकरण गर्दा कूल बजेटको कम्तिमा ७० प्रतिशत बजेट फलफूल विरुवा खरिदमा खर्च गर्नुपर्नेछ ।*

*३. भूमिहिन किसानहरुले सार्वजनिक जग्गामा करार गरी फलफूल खेति कार्यक्रम स्चालन गर्ने गरी पहिचान भएकोमा रोपण, सुरक्षा र विरुवा हुर्काजनको लागि लाभग्राहीको समेत लागत सहभागिता रहने गरी सम्वन्धित स्थानीय तहले ५ वर्ष सम्मको कार्यक्रम तयार गरी सञ्चालन गर्न सक्नेछ ।)*



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं नेपाल

## ३.२ कार्यक्रम सञ्चालन हुने क्षेत्र निर्धारण तथा लाभग्राही छनौट

### ३.२.१ समिति:

(क) निजी तथा सार्वजनिक खाली जग्गाहरुमा फलफूल विरुवा रोपण तथा व्यवस्थापनको लागि सम्वन्धित स्थानीय तहले समिति गठन गर्नेछ । तर सम्वन्धित स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) समितिले आवश्यकता अनुरुप विषयसंग सम्बन्धित पदाधिकारी, विशेषज्ञएवं संघ तथा प्रदेश सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्रलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(अ) फलफूल खेति हुनसक्ने सार्वजनिक जग्गाहरुको पहिचान गरी अभिलेखीकरण गर्ने।

(आ) माग संकलनको लागि सूचना आह्वान गर्ने, मुल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने एवं फलफूल विरुवा रोपणको लागि क्षेत्र निर्धारण गर्ने ।

(इ)कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक लागत अनुमान तयार गर्ने ।

(ई)प्राप्त निवेदनहरुको मुल्याङ्कन गरी अनुदानग्राही छनौट गर्ने ।

(उ) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागिसिफारिस गर्ने।

(ऊ) सम्झौताअनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने।

(ए) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने ।

(ऐ) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने ।

(ओ) कार्यक्रम अनुगमन गरी पृष्ठपोषण गर्ने।

(घ) समितिको सचिवालय सम्बन्धित स्थानीय तहको कृषि शाखा/ इकाई रहनेछ।

(ङ) समितिलाई सहयोग गर्न समितिले उप समिति गठन गर्न सक्नेछ।

(च) उप समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

### ३.२.२ क्षेत्र निर्धारण / छनौट:

(क) समितिले अभिलेखीकरण गरेको सम्भाव्य सार्वजनिक जग्गाहरुमा फलफूलविरुवा रोपणकार्यक्रमको लागि सम्वन्धित स्थानीय तहले हरेक आ.व. मा फलफूल विरुवा रोपणको लागि क्षेत्र छनोट गर्नेछ।

(ख) निजी जग्गामा फलफूल विरुवा रोपणको लागि हरेक आ.व. मा सार्वजनिक सूचना जारीगरी प्राप्त मागको आधारमा समितिले क्षेत्र छनोट गर्नेछ ।

### ३.२.३ लाभग्राही/अनुदानग्राही छनौट

(क)कार्यक्रम सञ्चालनका लागि सम्बन्धित स्थानीय तहले माग संकलनको लागि नियमानुसार सूचना प्रकाशन गर्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

(ख) सूचना प्रकाशन भएपछि बुदा नं १.२ मा तोकिएको लक्षित समूहले उक्त सूचनामा तोकिएको समय भित्रमा सम्बन्धित स्थानीय तहले तोकेको ढाँचामा निवेदन तथा आवश्यक कागजातसहित कार्य योजना संलग्न राखी आवेदन दर्ता गर्नुपर्नेछ ।

(ग) जग्गा भाडामा लिइ फलफूल बगैंचाको स्थापना गर्नेको हकमा कम्तिमा १० (दश)वर्षको करार सम्झौता गरेको करारको प्रमाणित प्रतिलिपी ।

(घ) निजी तथा सार्वजनिक खाली जग्गाहरुमा फलफूल विरुवा रोपण तथा व्यवस्थापनका लागि समितिले अनुदान लाभग्राहीको छनौटका आधार तयार गरी अनुदानग्राही/लाभग्राहीको छनौट गर्नेछ।

(ङ) बुँदा न (घ) बमोजिम अनुदानग्राही/लाभग्राहीको को छनौट एक बर्षे वा बहुबर्षीयकार्यक्रम सञ्चालनको लागि हुन सक्नेछ ।

(च) बुँदा नं.(ङ) बमोजिम बहुबर्षीय सम्झौताको लागि अनुदानग्राही/लाभग्राहीछनोट भएमा अघिल्लो बर्षको कार्य प्रगति मूल्यांकन गरी सन्तोषजनक भएमा मात्र सो बर्षको कार्यक्रम संचालनको प्रक्रिया अघि बढाउनु पर्नेछ।

### ३.३ अनुदान प्रवाह

(क) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी, अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित स्थानीय तहले अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(ख) बुँदा (क) बमोजिम हुने सम्झौता बमोजिम स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

(ग) दोस्रो बर्षदेखि ३ वर्षसम्म बगैचा व्यवस्थापनको लागि आवश्यक बजेट ब्यवस्थापनको जिम्मेवारीस्थानीय तहको हुनेछ । सार्वजनिक जग्गामा स्थापना भएका बगैंचा वा रोपण भएका फलफूल बिरुवाको सम्वर्द्धन हेरचाहको लागि सम्वन्धित स्थानीय तहले आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न सक्नेछ।

## ४.कार्यक्रमसञ्चालनगर्नेसरकार/तह/निकाय र तिनको जिम्मेवारी

### ४.१ संघीय सरकार

(क) स्थानीय तहहरुलाई फलफूल विरुवा रोपण तथा बगैचा व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा,

(ख) कार्यक्रम संचालनमा सहजीकरण,

(ग) अनुगमन तथा पृष्ठपोषण।

### ४.२ प्रदेश सरकार

(क) प्रदेश सरकार अन्तर्गतको कृषि हेर्ने कार्यालय फार्म केन्द्रहरुमार्फत प्राविधिक सेवा,

(ख) फलफूल विरुवा उत्पादक सरकारी एवं निजी स्रोत केन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(ग) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

## ४.३ स्थानीय तह

(क) निजी तथा सार्वजनिक खाली जग्गाहरुमा फलफूल विरुवा रोपण तथा व्यवस्थापन कार्यकोलागि उपलब्ध जग्गाको अभिलेखीकरण,

(ख) फलफूल विरुवा रोपणको लागि क्षेत्र छनौट,

(ग) फलफूल रोपणको लागि भौगोलिक उपयुक्तता एवं किसानको माग बमोजिमको फलफूल छनौट,

(घ) लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(ङ) नियमित अनुगमन तथा पृष्ठपोषण ।

(च) सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

## ५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**(क) विवरण प्रकाशन गर्नुपर्नेः** अनुदान प्रवाह गर्ने स्थानीय तहले अनुदानग्राहीसँग भएको सम्झौताको विवरणनियमित अध्यावधिक गरी सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नेछ । साथै राष्ट्रिय फलफूल विकास केन्द्रले समेत अनुदानग्राहीको नाम सहितको विवरण वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

(अ) कार्यक्रम संचालन भएका स्थानीय तहहरुले चौमासिक एवं बार्षिक प्रगति विवरण राष्ट्रिय फलफूल विकास केन्द्रमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः** अनुदानग्राहीको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछन्। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

**(घ)** यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## अनूसूची-१

## चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्धन कार्यक्रम
कार्यक्रम संचालन गर्ने निकायको नामः आ.व. २०७... महिनाः

### १. कार्यक्रम कार्यन्वयन अवस्था

| क्र.स. | यस महिनामा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

### २. कार्यक्रमको प्रतिफल (फलफूल रोपण भएको क्षेत्रफल, लाभग्राही, फलफूल विरुवा संख्या, रोजगारी सिर्जना आदि):

-
-
-
-

### ३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क्र. स. | वार्षिक विनियोजन (रु. हजारमा) | यस महिनाको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### ४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

-
-

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# ५. सहकारीहरुसँगको साझेदारीमा रेशम खेति क्षेत्र विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/०९ गतेको निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

# सहकारीहरुसँगको साझेदारीमा रेशम खेति क्षेत्र विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

**१. कार्यक्रमको परिचयः**

व्यवसायिक कीट विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेशमा सञ्चालन हुने सहकारीहरुसँगको साझेदारीमा रेशमखेति क्षेत्र विस्तार कार्यक्रम कार्यान्वियनको लागि यो कार्यक्रम संचालन प्रक्रिया तयार गरिएको छ ।

**१.१ लक्ष्य/उद्देश्यः** यस कार्यक्रम सञ्चालन प्रक्रियको उदेश्य देहाय बमोजिम रहेका छन्:-

**(क)** रेशम उद्योगको प्रवर्द्धनमा बन क्षेत्र तथा बाँझो जमिनको समेत सदुपयोग हुने गरी सामुहिक साझेदारी खेति प्रणालीको विकास गर्ने ।

(ख) सामुहिक खेति मार्फत रेशमको व्यावसायिकरण प्रवर्द्धन गर्ने ।

(ग) रेशमखेति व्यवसायको प्रवर्द्धन एवं विकासका लागि विभिन्न सहयोगी क्रियाकलापहरु सञ्चालन गर्ने ।

**१.२ लक्षित समूहः** समूह वा सहकारीमा आवद्ध भएका वा हुन चाहेका कृषकहरु तथा निजी उद्यमीहरु यस कार्यक्रमका सहभागी हुन सक्नेछन् ।

**१.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः** व्यवसायिक कीट विकास कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत सहकारीहरुसँगको साझेदारीमा रेशमखेति क्षेत्र विस्तार कार्यक्रम सञ्चालन हुने प्रदेशमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

**१.४ अपेक्षित उपलब्धिः** यो कार्यक्रम सञ्चालन भएपश्चात गण्डकी प्रदेशमा १४ क्लष्टरमा ७० हेक्टर र प्रदेश नं. ५ मा १४ क्लष्टरमा ७० हेक्टर गरि जम्मा २८ क्लष्टरमा १४० हेक्टरमा नयाँ किम्बु क्षेत्र विस्तार, २८ वटा चौकी कीरापालन घर, २८ वटा ठुला कीरापालन घर निर्माण भएको हुनेछ ।

**२. कार्यक्रमका आधारभूत पक्षहरु तथा सञ्चालन हुने क्रियाकलापहरुः** यस कार्यक्रम अन्तरगत रेशमखेतिको लागि आवश्यक पर्ने क्लष्टरमा नयाँ किम्वु बगैंचाको क्षेत्र विस्तार र सो क्षेत्रमा रेशम कीरा पालनको लागि आवश्यक पूर्वाधारहरुको निर्माण गरिनेछ ।

**२.१ आधारभूत पक्षहरुः**

(क) किम्बु बगैंचा स्थापना गर्ने क्षेत्र भौगोलिक एवं प्राविधिक दृष्टिकोणले उपयुक्त हुनु पर्नेछ ।

(ख) किम्बु विरुवा रोपणको लागि एक क्लष्टरम कम्तिमा ५ हेक्टर जमिन एकै स्थानमा हुनुपर्नेछ ।

(ग) एउटा क्लष्टरभित्र एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिले सहभागिता जनाउन सक्नेछन् ।

(घ) किम्बु क्षेत्र विस्तार गर्ने जमिन आफ्नो नाममा भएको वा करारमा लिएको भए जमिनको कित्ता नं. खुल्ने गरी कम्तीमा पनि २० बर्षको करार सम्झौता गरेको हुनु पर्नेछ ।

(ङ) एकै क्षेत्रमा कम्तीमा पनि २ वटा क्लष्टर (१० हेक्टर) क्षेत्रमा किम्बु खेति गर्ने कृषक, उद्यमी वा व्यवसायि, सहकारी वा समूह, रेशम कोया संकलन गरी धागो उत्पादन गर्ने पूर्वाधार भएका र रेशम कपडा उत्पादनमा सरिक उद्यमीहरु, युवा तथा महिला उद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।

**२.२ कार्यक्रम विस्तृतीकरणः**

(क) यस कार्यक्रम संचालन प्रक्रिया बमोजिम क्षेत्र विस्तार हुने क्लष्टरमा रेशमखेति अन्तरगत एकै स्थानमा कम्तीमा ५ हेक्टर जमिन क्षेत्रमा किम्बु विरुवा रोपण गर्ने, सो को लागि विरुवा (बेर्ना) उत्पादन र सोही अनुसार रेशम कीरापालन घर निर्माण, यान्त्रिकीकरण, मलखाद व्यवस्थापन, सिँचाइ व्यवस्थापन तथा यससँग सम्बन्धित सबै

कृयाकलापहरु प्याकेजमा संचालन गरिनेछ ।कार्यक्रम विस्तृतीकरण र अनुदान रकम निर्धारणको लागि तालिका (घ) लाई आधार लिनुपर्नेछ ।

(ख) बुँदा नं. (क) मा उल्लेखित आधारको साथै स्थानीय आवश्यकता एवं प्राविधिक दृष्टिकोणले आवश्यक अन्य क्रियाकलाप समावेश गर्न सकिनेछ तर बार बन्देज एवं गैह्र उत्पादनमूलक संरचनामा बजेट खर्च गर्न पाईने छैन।

**३. कार्यक्रम सञ्चालन विधिः**

**३.१ माग सङ्कलनः**

(क) स्वीकृत कार्यक्रमको आधारमा कार्यक्रम संचालनको लागि माग सङ्कलन गर्न प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ ।

(ख) बुँदा (क) बमोजिम प्रकाशित सूचनाको आधारमा योग्यता पुरा गर्ने आवेदकहरुले सूचनामा उल्लिखित आवश्यक कागजातहरु संलग्न गरी सूचनामा तोकिए बमोजिम आवेदन दर्ता गर्नु पर्नेछ।

**३.२ समितिः**

(क) दर्ता भएका आवेदनहरुको मुल्याङ्कन गरी अनुदानग्राही छनौटको लागि सिफारिस गर्न प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि हेर्ने कार्यालयले समिति गठन गर्नेछ । तर, जिल्लामा कृषि सम्वन्धि कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) समितिले आवश्यकता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विषय विशेषज्ञ, संघ अन्तर्गतको जिल्लास्थित कार्यालय/फार्म केन्द्र एवं सम्वन्धित स्थानीय तहलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(अ) प्राप्त आवेदनहरुको योग्यता तथा कागजातहरुको आधारमा प्रारम्भिक मूल्याङ्कन,

(आ) मूल्याङ्कनका आधारहरुमा आवेदन मूल्याङ्कन गरी अनुदाग्राही छनौट गर्ने, अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,

(इ) बमोजिमको मूल्याङ्कनका आधारहरुलाई आवश्यकता अनुरुप परिमार्जन गर्ने र आवश्यकता अनुरुप उप आधारहरु तयार गर्ने,

(ई) सम्झौताको ढाँचा तयार गर्ने तथा आवश्यकता अनुरुप परिमार्जन गर्ने।

(उ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यहरुको अनुगमन तथा मूल्यांकन गरी प्रमाणीकरण गर्ने,

(ऊ) अनुदान रकम अनुदानग्राहीलाई भुक्तानीका लागि शिफारिस गर्ने,

(ए) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,

(ऐ) कार्यक्रम अनुगमन गरी पृष्ठपोषण गर्ने।

(घ) आवेदन मूल्याङ्कनको क्रममा प्रारम्भिक मूल्याङ्कन, स्थलगत प्रमाणिकरण, मेशिनरी उपकरणको स्पेशिफिकेसन तयारी लगायतका काममा समितिलाई सहयोग गर्न समितिले उप समिति गठन गर्न सक्नेछ।

(ङ) उप समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

(च) छनौट भएका आवेदकको विवरण सूचनापाटी तथा वेभसाइटमा प्रकाशन गरिनेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.३ **सम्झौता एवं अनुदान प्रवाहः**

(क) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएका अनुदानग्राहीसँग आवश्यकता अनुरुप वार्ता गरी अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले सम्झौता गरी कार्यादेश दिनेछ ।

(ख) बुँदा (क) बमोजिम हुने सम्झौता बमोजिम प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

**४. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकाय र तिनको जिम्मेवारीः**

**४.१ संघीय सरकारः**

(क) प्राविधिक सेवा

(ख) कार्यक्रम संचालनमा सहजीकरण

(ग) अनुगमन तथा मूल्याङ्कन

**४.२ प्रदेश सरकार**

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(ग) प्राविधिक सेवा,

(घ) सरकारी एवं निजी स्रोतकेन्द्र एवं स्थानिय तहहरुबीच समन्वय,

(ङ) सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्बन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

(च) नियमित अनुगमन, मूल्याङ्कन एवं प्रतिवेदन।

**४.३ स्थानीय तह**

(क) क्लष्टर पहिचान एवं छनौटमा सहजीकरण,

(ख) लाभग्राही/अनुदानग्राही छनौटमा सहजीकरण,

(ग) सशर्त वित्तीय हस्तान्तरण एवं प्रदेश सरकारको स्रोतबाट कार्यक्रममा समेट्न नसकिएका कृषकहरुलाई स्थानीय तहको स्रोतबाट कार्यक्रम सञ्चालन गर्ने,

(घ) अनुगमन एवं पृष्ठपोषण,

**५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

**(क)विवरण प्रकाशन गर्नुपर्नेः** अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण नियमित अध्यावधिक गरी सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नेछ । साथै, व्यवसायिक कीट विकास केन्द्रले समेत अनुदानग्राहीको नाम सहितको विवरण वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्ने**:

(अ) अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले चौमासिक एवं बार्षिक प्रगति विवरण व्यवसायिक कीट विकास केन्द्रमा पठाउनु पर्नेछ।यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने प्रदेश/ प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयलाई



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः**

(अ) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन संघीय तथा प्रादेशिक तहका सम्वन्धित निकायहरुबाट नियमित रुपमा संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ । आवश्यकता अनुसार स्थानीय तहले समेत अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन् ।

(आ) अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ। अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(इ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्वन्धी हिसाब देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

(ई) अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अनुदान रकम सम्वन्धी विवरण सहितको होर्डिङ बोर्ड कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(उ) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिई सम्झौता अनुरुप कार्य नगरेमा वा गुणस्तरीय कार्य सम्पादन नगरेमा त्यस्ता अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिनेछ।

(ए) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

(ऐ) यस कार्यक्रम सञ्चालन प्रकृयामा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।यस कार्यक्रम सञ्चालन प्रकृयामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

## ६. कार्यक्रम सम्वद्ध तालिका/ढाँचाहरु

### (क) कार्य योजनाको ढाँचा

**व्यवसायिक योजना**

**खण्ड १ प्रस्तावित उपआयोजनाको सारांश**

| | |
|---|---|
| उप आयोजनाको नामः | |
| उत्पादन गरिने बस्तु र बार्षिक न्युनतम परिमाण | |
| निर्माण गरिने संरचना र क्षेत्रफल<br>*(रेशम कीरापालन घर तथा सिँचाइ संरचना आदिको डिजायन एव लागत स्टीमेट संलग्न गर्नुपर्ने ।रेशम खेतिको लागि किम्बु क्षेत्र विस्तारको हकमा कम्तीमा पनि ५ हेक्टर हुनुपर्ने)* | |
| उत्पादन, प्रशोधन तथा प्याकिङ्ग र बजारीकरणका लागि आवश्यक पर्ने मेशिनरी औजार र क्षमता<br>*(यसमा बस्तु उत्पादनमा प्रयोग हुने रउत्पादन लिएपछि उपयुक्त चिस्यान कायम गर्ने लेवलिङ्ग तथा प्याकिङ्ग गरी बजारीकरण गर्न आवश्यक पर्ने मेशिनरी औजार र क्षमता उल्लेख गर्ने)* | |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| मुकर.अ./स्था लेर दर्ता वर्षः .न. | |

| | |
|---|---|
| बैंक खाता विवरण | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता संचालकको नामः |
| आवेदकको परिचय तथा अनुभव<br>*(आवेदकले रेशमखेति उत्पादन कार्यसँग सम्बन्धित हासिल गरेका उपलब्धी तथा तालिमको विस्तृत विवरण राखी यसको प्रमाणको लागि आवश्यक कागजातको फोटोकपी अनुसूचीमा राख्ने)* | |
| प्रस्तावित व्यवसायको सारसंक्षेप<br>*(वर्तमान अवस्था, समस्या तथा अवसरहरु, सरकारी सहयोगको क्षेत्र र उक्त सहयोगबाट पर्ने प्रभाव सहितको संक्षेप उल्लेख गर्ने)* | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| उपआयोजना संचालन स्थलः | जिल्लाः<br>म.पा.न. /उ.पा.न. /न.पा. /गा.पा.<br>वडा नं.<br>स्थानः |
| वर्तमान क्रियाकलापहरु<br>*(आवेदकले हाल रेशम खेतिसँग सम्बन्धित क्रियाकलापहरु र यसको प्रतिफल समावेश गर्ने)* | |
| प्रस्तावित उप आयोजनाको प्रमुख उद्देश्य | •<br>•<br>• |
| प्रस्तावित उपआयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु<br>• .<br>• .<br>• . |
| | |

**खण्ड २ व्यवसायको विवरण**

| २.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्टयाई |
|---|
| ५०० शब्द नबढाई व्यवसायको छोटकरी विवरण जसमा मुख्य काम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामाना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, उत्पादनको लागि आवश्यक सामाग्री उपलब्धता मुल्य अभिबृद्धिका अवसरहरु प्रस्तावित कार्य यसको प्रभाव मुख्य बजार सम्भावित आम्दानी र व्यवसाय गर्ने कृषकहरुलाई प्रस्तावित कार्यबाट पुग्ने फाइदाहरु उल्लेख गर्ने । |

| २.२ समस्या, अवसर तथा प्रस्तावित क्रियाकलापहरु |
|---|
| प्रस्तावित उप आयोजनाका प्रमुख समस्या तथा अवसरहरु तथा तिनका आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउछ र अवसरहरुको उचित उपयोग हुनेछ । |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| समस्याहरुः | अवसरहरु |
|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५. | |

| २.३ प्रस्तावित क्रियाकलापहरु |
|---|
| बढीमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस् (के, कसरी, कसले, कहाँ गर्ने र कहिले सम्म गर्ने)<br>क्रियाकलाप१<br>क्रियाकलाप२<br>क्रियाकलाप३<br>क्रियाकलाप४<br>.............. |

<table>
<tr><td colspan="6">२.४ प्राप्त गर्न खोजिएको नतिजा/प्रतिफल</td></tr>
<tr><td>प्रतिफल सूचक</td><td colspan="5">उपआयोजनाको लक्ष्य</td></tr>
<tr><td>क्षेत्रफल(वर्ग मि./ रोपनी/ विघा/ हेक्टर)</td><td colspan="5"></td></tr>
<tr><td rowspan="3">थप हुने मेसिनरी औजारको विवरण तथा हासिल हुने (प्रतिफल प्रत्येक मेसिन जडानबाट प्राप्त हुने प्रतिफल)</td><td colspan="2">मेसिनको नाम</td><td colspan="3">प्रतिफल</td></tr>
<tr><td colspan="2"></td><td colspan="3"></td></tr>
<tr><td colspan="2"></td><td colspan="3"></td></tr>
<tr><td rowspan="2">उत्पादन परिमाणमा बृद्धि (यसमा पहिलो देखि पाँच वर्षसम्मको विवरण राख्ने)</td><td>पहिलो वर्ष</td><td>दोश्रो वर्ष</td><td>तेश्रोवर्ष</td><td>चौथो वर्ष</td><td>पाँचौ वर्ष</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>उत्पादनमा प्रयोग हुने नयाँ प्रविधि र वीउको गुणस्तर तथा बजारीकरणमा पर्ने असर</td><td colspan="5"></td></tr>
<tr><td>वीउ विक्री परिमाणमा बृद्धि</td><td colspan="5"></td></tr>
<tr><td>उत्पादन तथा विक्रि मार्फत आयात प्रतिस्थापन हुने अनुमानित रुपैयाँ<br>(बार्षिकरुबर्ष सम्म का दरले पाँच..... रु .... )</td><td colspan="5"></td></tr>
<tr><td>रोजगारी बृद्धि</td><td colspan="5">जना वा कार्यदिन ... जना बर्षैभरी रोजगार .... जना स्वरोजगार .... आंशिक रोजगार</td></tr>
<tr><td>किसानहरुको आयमा बृद्धि<br>(कार्यक्रम सञ्चालनबाट उत्पादनमा हुने अनुमानित थप बृद्धि र यसको अनुमानित थप मूल्य उल्लेख गर्ने)</td><td colspan="5"></td></tr>
</table>

| २.५ प्रस्तावित पूर्वाधार डिजाईन तथा इस्टिमेट |
|---|
| यसमा प्रस्तावित पूर्वाधारहरु जस्तै कीरापालन घर, सिँचाइ संरचना र मेसिनरी औजार जस्ता पूर्वाधारहरु तथा तिनको संख्या लम्बाई चौडाई उचाई आकार तथा डिजाइन एवं इष्टिमेटको बारेमा उल्ले गर्ने र व्यावसायिक योजनाको पछाडि संलग्न राख्ने । |

| २.६ कार्य सञ्चालन क्षमता र अनुभव | |
|---|---|
| २.६.१ अनुभव<br>*(यसमा प्रस्तावकको प्रस्तावित क्रियाकलाप गरेको* | |

| *अनुभवको अवधि प्राप्त गरेका तालिमको विवरण जनशक्ति विवरण, उत्पादन एवं बजारीकरण )* | |
|---|---|

| २.६.२ हाल उपलब्ध पूर्वाधारहरु, यन्त्र, औजार तथा मानव संशाधन | |
|---|---|
| पूर्वाधार | पूर्वाधारको विवरण किसिम संख्या आकार |
| जमिन | |
| कीरापालन घर | |
| | |
| मेसिनरी औजार | |
| ...... | |
| ...... | |

२.७ जनशक्ति

| किसिम | संख्या | पुरुष | महिला | जनजाति |
|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालिन | | | |
| | आंशिक | | | |
| व्यवस्थापकीय | पूर्णकालिन | | | |
| | आंशिक | | | |
| दक्ष कामदार | वर्षभरी | | | |
| | आवश्यकता अनुसार | | | |

२ ८.कार्यतालिका

| प्रस्तावितउत्पादन क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

खण्ड ३ विक्री तथा आम्दानि विवरण

३.१ विक्री तथा आम्दानी विवरण

| क्र.सं. | विवरण | इकाई | पहिलो वर्ष | | दोश्रो वर्ष | | तेश्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

खण्ड ४ व्यावस्थापन योजना

४.१ वश्यक सामग्री तथा सेवा खरिद योजना.

| क्र.सं. | विवरण | इकाई | परिमाण | जात वा प्रकार | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

४.२ जोखिमव्यवस्थापन

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| विवरण | सम्भावित जोखिम | जोखिमको प्रकृति र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

४.३ वातारणीय र समाजिक व्यवस्थापन

| क्रियाकलाप | प्रभाव | न्यूनिकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

**(ख) किम्बु खेति विस्तार गर्न प्रति क्लष्टर (५ हेक्टर) मा आवश्यक पर्ने कृयाकलाप तथा अनुमानित बजेट**

| क्र.सं. | कृयाकलाप | इकाई | परिमाण | दर रु. | जम्मा खर्च रू. |
|---|---|---|---|---|---|
| १ | किम्बु विरुवा रोपण तयारी तथा ढुवानी | संख्या | ५०००० | ४ | 200000 |
| २ | रासायनिक मलखाद व्यवस्थापन (300:120:120 NPK) | के.जी. | ५००० | ४० | 200000 |
| ३ | स्थलगत तालिम | संख्या | १ | ३०००० | 30000 |
| ४ | किम्बु विरुवा उत्पादन वा खरिद | संख्या | ५०००० | २ | 100000 |
| ५ | सिंचाइ व्यवस्थापन | पटक | १ | १००००० | 100000 |
| ६ | उपकरण खरिद (कुटो कोदालो गलहेम्बर आदि ) | संख्या | ११ | १५०० | 16500 |
| ७ | किरापालन घर निर्माण अनुदान (चौकीकीरापालन १ ठुला किरापालन १ ) | संख्या | २ | ३००००० | 600000 |
| ८ | कार्यक्रम सार्वजनिकीकरण होर्डिङ्गबोर्ड | संख्या | १ | १०००० | 10000 |

*नोटः १. तालिकामा उल्लेख भए अलावा स्थानीय आवश्यकता एवं कृषकको माग बमोजिम अन्य यथोचित क्रियाकलाप थप गर्न सकिने तर गैह्र उत्पादनमूलक कार्यमा बजेट खर्च गर्न पाईने छैन ।*

*२. सामग्रीको दर स्थानीय दररेट अनुसार नै कायम गरिनेछ ।*

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## (ग) चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः सहकारीसँगको साझेदारीमा रेशम खेति क्षेत्र विस्तार कार्यक्रम
कार्यक्रम संचालन गर्ने निकायको नामः
आ.व. २०७...                महिनाः

१. कार्यक्रम कार्यान्वयन अवस्था

| क.स. | यस महिनामा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

२. कार्यक्रमको प्रतिफल (नयाँ स्थापना भएका किम्बु वगैचाको संख्या/क्लष्टर, लाभग्राही, किम्बु विस्तार क्षेत्रफल, कीरापालन घर संख्या, रोजगारी सिर्जना आदि):

-
-
-
-

३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क. स. | वार्षिक विनियोजन (रु. हजारमा) | यस महिनाको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# ६. बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/०९ गतेको निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

**१. कार्यक्रमको परिचयः** बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थानीय तहबाट संचालन हुने बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम कार्यान्वियनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

**१.१ लक्ष्य/उद्देश्यः**

(क) धान तथा मकै बालीमा प्रविधि विस्तार, यान्त्रिकीकरण प्रवर्द्धन, पूर्वाधार विकास एवं बजार व्यवस्थापन लगायतका क्रियाकलापहरुलाई एकीकृत रुपमा मिशन कार्यक्रमको रुपमा सञ्चालन गरी धान/मकैको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी धान/चामल तथा मकैको आयात प्रतिस्थापनमा सहयोग पुर्याउने,

(ख) परम्परागत अन्न एवं कोदोजन्य स्थानीय तथा रैथाने बालीहरुको प्रवर्द्धनमार्फत् उत्पादन एवं उपभोग बढाई खाद्य तथा पोषण सुरक्षामा सुधार गर्ने तथा खाद्यान्न आयात कम गरी आत्मनिर्भरता बढाउने ।

**१.२ लक्षित समूहः**

यस मिशन कार्यक्रम अन्तरगत संचालन हुने धान र मकै सम्भाग तर्फ कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/उपभोक्ता समिति/निजी उद्यमी/कम्पनी सहभागी हुन सक्नेछन् एवं रैथाने बाली प्रवर्द्धन तर्फ कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापक समिति/होमस्टे संचालक/रैथाने तथा स्थानीय बालीहरुको प्रशोधन, विविधीकरण तथा बजारीकरणसँग सम्बन्धित व्यवसायीहरु सहभागी हुन सक्नेछन् ।

**१.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः** बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरणमार्फत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन हुने प्रदेश एवं स्थानीय तहमा यो मिशन कार्यक्रम सञ्चालन हुनेछ ।

**१.४ अपेक्षित उपलब्धिः**

(क) कार्यक्रम संचालन हुने प्रदेश तथा स्थानीय तहहरुमा ३५००० हेक्टर क्षेत्रफलमा नेपालमा विकास भएका मसिनो प्रकृतिको धानमा तथा कम्तिमा ५००० हेक्टर क्षेत्रफलमा चैते धानमा कार्यक्रम सञ्चालन भई थप ५०,००० मे टन धान उत्पादन हुने,

(ख) तराई, मधेस तथा मध्य पहाडी जिल्लाहरुका हिउँदे र वर्षे मकैको करिब ३५००० हेक्टरमा कार्यक्रम संचालन तथा ५००० हेक्टर बसन्ते मकैको क्षेत्र विस्तार भई थप ६५००० मे टन मकैको उत्पादन बृद्धि हुने ।

(ग) रैथाने बालीहरुको उत्पादन र वजारीकरण बीचको दूरी कम भई रैथाने तथा स्थानीय बालीहरुको प्रवर्द्धन भएको हुने ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## २. कार्यक्रम सन्चालनका आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलापः

### २.१ स्थानीय तह मार्फत् संचालन हुने कार्यक्रमका आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलापः

(क) स्थानीय तह मार्फत् कार्यक्रम कार्यान्वयन गर्नको लागि सिंचाइ सुविधाको अवस्था, धान मिल/दाना उद्योगको अवस्थिति, सडकको पहुँच र बजार केन्द्रसम्मको दुरी, चक्लावन्दी तथा सामुहिक खेति गर्न सकिने सम्भावना, मिल/दाना उद्योगको आवश्यकता बमोजिम उत्पादन गर्न सकिने अवस्था तथा धान मिल/दाना उद्योगसँग खरिद सम्झौता हुन सक्ने अवस्था लगायतका मूख्य मापदण्डहरुको आधारमा क्लष्टर छनौट गर्न सम्वन्धित स्थानीयत तहले समिति गठन गर्नेछ । तर स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

(ख) बुँदा (क) बमोजिमको समितिले विषयसँग सम्वन्धित विज्ञ, पदाधिकारी, संघ एवं प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कार्यालय/फार्म केन्द्रलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) बुँदा (क) बमोजिमको समितिको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछः-

(अ) स्थानीय तहसँग सहकार्य गरी उत्पादन क्लस्टर अन्तर्गतका प्रत्येक उत्पादन व्लकमा सम्मिलित कृषकहरुको आधारभूत विवरण संकलन र अद्यावधिक गर्ने,

(आ) क्लस्टर भित्र चक्लावन्दी गरी उत्पादन व्लक निर्माणमा कृषकहरुलाई प्रेरित तथा आवश्यक सहजीकरण गर्ने,

(इ) क्लस्टर भित्रका उत्पादन व्लकहरुमा मूख्य बालीको आधारमा पुरै बाली प्रणालीको उत्पादन योजना बनाइ कार्यान्वयन गर्न कृषकहरुलाई प्रेरित गर्ने,

(ई) क्लस्टर भित्र आवश्यक बीउ विजन, मलखाद लगायतका उत्पादन सामग्रीहरुको परिमाण एकिन गरि स्थानीय तहसंग सहकार्य गरि तिनको आपूर्तीको व्यवस्था मिलाउने,

(उ) क्लस्टर अन्तर्गत लिजमा जग्गा लिन र दिन सहजीकरण गर्ने,

(ऊ) कृषि ऋण आवश्यक परेका सदस्यहरुको माग सङ्कलन गरी स्थानीय बैंक तथा वित्तीय संस्था मार्फत ऋण प्रवाहको लागि सहजीकरण गर्ने,

(ए) सबै कृषकहरुलाई अनिवार्य बाली विमा गर्न प्रेरित र सहजीकरण गर्ने,

(ऐ) उपजको उत्पादन अनुमान गर्ने एवं उपजको गुणस्तर कायम गर्न, भण्डारण गर्न सदस्यलाई सहयोग गर्ने,

(ओ) उत्पादित कृषि उपजको बजारीकरणमा सहयोग पुर्याउने,

(औ) सम्भाव्यताका आधारमा नजिकको उद्योग (धानको हकमा धान चामल मील, मकैको हकमा दाना उद्योग) सँग खरिद सम्झौता (Buy Back Agreement) गर्न सहजीकरण गर्ने,

(अं) सम्भाव्यताको आधारमा सामुदायिक गोदाम/अन्न बैंक संचालन गर्ने।

(घ) बुँदा (क) बमोजिम गठन हुने समितिले धानको हकमा तराईमा १००० हेक्टर, पहाडमा ५०० हेक्टर तथा मकैको हकमा तराईमा ५०० हेक्टर र पहाडमा २५० हेक्टर भन्दा कम नहुने गरी उत्पादन क्लस्टरहरु छनौट गर्नेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, का...

(ङ) प्रत्येक क्लस्टरलाई तराईमा कम्तिमा २० हेक्टर र पहाडमा १० हेक्टर क्षेत्रफल भन्दा कम नहुने गरी यथासम्भव एक अर्कामा जोडिएका प्लटहरुबाट बनेको उत्पादन व्लकहरुमा विभाजन गरिनेछ । यस्ता उत्पादन व्लकहरु व्यक्तिगत वा सामुहिक हुने छन् ।

(च) बुँदा नं (घ) बमोजिमको मापदण्ड पुरा गरेका योग्य आवेदक सूचीकृत गर्न सम्बन्धित स्थानीय तहले नियमानुसार सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(छ) बुँदा नं (च) बमोजिम प्रकाशन भएको सूचनाको आधारमा कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरुमा सहभागी हुने इच्छुक आवेदकहरुले सम्बन्धित स्थानीय तहले तोकेको आवश्यक कागजात सहित सम्वन्धित स्थानीय तहले आव्हान गरे बमोजिम सूचिकृत हुनको लागि आवेदन दिनु पर्नेछ । यसरी प्राप्त आवेदन सम्वन्धित स्थानीय तहले जाँचबुझ गरी सूचिकृत गर्नेछ । यसको अलावा स्थानीय तहले कार्यक्रम अन्तर्गतको कृयाकलापमा सहभागी हुने कृषकहरुको विवरण सहित डिजिटल दर्ता गर्नेछ । साथै स्थानीय तहले यस कार्यक्रमसँग सम्वन्धित सवै सूचना र विवरण प्रविष्ट एवम् अद्यावधिक गर्नेछ ।

(ज) बुँदा नं (छ) बमोजिम सूचीकृत भएका र आवश्यक मापदण्ड पुरा गरेका सबै आवेदकहरु कार्यक्रममा आवद्ध हुन सक्नेछन् । तर स्वीकृत कार्यक्रम र बजेटको सिमितता भएको अवस्थामा सूचिकृत हुने आवेदकहरु मध्येबाट समितिले छनौट मापदण्ड बनाई लाभग्राहीको छनौट गर्नेछ ।

(झ) बुँदा २.१ (क) बमोजिम गठन हुने समितिलाई सहयोग गर्न तथा तालिका १ मा उल्लेखित कृयाकलापहरु सन्चालन गर्ने सन्दर्भमा आवश्यक सहजीकरण गर्न उत्पादन क्लस्टरमा सूचिकृत भई छनौट भएका आवेदकहरु समावेश गरी बुँदा २.१ (क) बमोजिमको समितिले क्लष्टर समन्वय समिति गठन गर्न सक्नेछ।

(ञ) बुँदा नं (झ) बमोजिमको क्लष्टर समन्वय समितिको काम, कर्तव्य र अधिकार बुँदा २.१ (क) बमोजिमको समितिले तोके बमोजिमको हुनेछ ।

(ट) यस कार्यक्रम अन्तर्गत तालिका १ मा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सञ्चालन हुनेछन्:-

**तालिका १: स्थानीय तहबाट संचालन गरिने क्रियाकलाप र तिनको विस्तृत संचालन विधि**

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| कार्यक्रममा आवद्ध हुने आवेदकहरुको डिजिटल अभिलेख तयार | | धान/मकै |
| माटो जाँच गरी माटो स्वास्थ्य कार्ड (soil health card) वितरण | • माटोको उर्वराशक्ती नक्साको उपयोग वा तयारी ।<br>• मोवाइल माटो परिक्षण प्रयोगशाला मार्फत माटोको नमूना जाँच गरी माटो स्वास्थ्य कार्ड वितरण गरिने। | धान/मकै |
| मलखाद उपलव्धता | • आवश्यक रासायनिक मलको माग सङ्कलन गरिने।<br>• रासायनिक मलको अलावा अम्लियपना बढि भएकोमा अनुदानमा कृषि चून समेत उपलव्ध गराइने ।<br>• स्थानीय तहले तोकेको नजिकको इजाजत प्राप्त मल विक्रेता सहकारी वा | धान/मकै |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, का

<table>
<tr><th>क्रियाकलाप</th><th>संचालन विधि</th><th>बाली</th></tr>
<tr><td></td><td>कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका विक्रि केन्द्रलाई सिफारिश गर्ने।</td><td></td></tr>
<tr><td>भकारो सुधार</td><td>• भकारो सुधार गरी गोठेमल तथा पशुमुत्र व्यवस्थापन गर्न कूल लागतको ५०% वा बढिमा एकमुष्ठ रु. १२, ०००।— (बाह्र हजार रुपैयाँ) उपलव्ध गराइनेछ । यस कृयाकलापमा सहभागी हुन इच्छुक कृषकहरुले कम्तिमा दुई वटा ठूला पशु चौपाया पालेको हुनु पर्नेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>गुणस्तरीय कम्पोष्ट मल उत्पादन</td><td>• गडयौंले मल तथा शुक्ष्म जिवाणु (प्रभावकारी शुक्ष्म जीव (इ एम), वेष्ट डिकम्पोजर) को प्रयोग गरी कम्पोष्ट मल तयारीको लागि लागतको ५०% वा बढिमा एकमुष्ठ रु १०,०००।— (दश हजार रुपैयाँ) उपलव्ध गराइने छ ।<br>• उत्पादन व्लक भित्र एकै टोलका कम्तिमा १० कृषक परिवारको सहभागितामा सामुहिक रुपमा गडयौंले मल उत्पादन गर्नको लागि भर्मि बेड र सेड निर्माणको लागि कूल लागतको ५०% वा बढिमा एकमुष्ठ रु. ५०,०००।— (पचास हजार रुपैयाँ) उपलव्ध गराइनेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>बायोफर्टिलाइजर र शुक्ष्म तत्व प्रदर्शन</td><td>• माटोको उर्वराशक्ति बढाउन राइजोवियम, एजोटोव्याक्टर, फस्फोरस सोलुविलाइजिङ्ग व्याक्टेरिया तथा विभिन्न शुक्ष्म तत्वहरुको प्रयोगलाई बढावा दिन कृषकको खेतबारीमा प्रदर्शन सन्चालन गरिनेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>हरियो मल प्रयोग प्रवर्द्धन</td><td>• हरियो मलको बीउमा सत प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।<br>• हरियो मल प्रयोग प्रविधि (रोप्ने/छर्ने समय र तरिका तथा छरेको हरियो मललाई माटोमा मिलाउने समय र तरिका) वारे स्थलगत १ दिने तालिम सञ्चालन गरिनेछ ।</td><td>धान</td></tr>
<tr><td>वायोचार प्रयोग प्रवर्द्धन</td><td>• स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको प्रयोग गरी बायोचारको उत्पादन र प्रयोग गर्न किसानलाइ उत्प्रेरित गरिनेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>प्रविधि परिक्षण तथा स्थलगत प्रदर्शन</td><td>सहभागीतात्मक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम (छरुवा खेति प्रविधि (धान)/रासायनिक मलको समुचित प्रयोग/Alternate Wetting and Drying (AWD)/जलवायु अनुकुलित धानको खेति प्रदर्शन/जलवायु अनुकुलित खेति प्रदर्शन/रोग कीराको जैविक विधिद्वारा व्यवस्थापन तथा Bio Control Agent लाई लक्षित गरी IDPM (Integrated Disease and Pest Management)/बोरो धानको व्लकमा परीक्षण तथा भ्यालिडेसन/पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि उपयुक्त प्रविधिको प्रदर्शन संचालन गरिनेछ ।<br>प्रदर्शन अनुसार आवश्यक न्यूनतम क्षेत्रफल देहाय बमोजिम हुनु पर्ने
<table>
<tr><td>खेति प्रविधि प्याकेज (POP)</td><td>तराई - २ कठ्ठा, पहाड- १ रोपनी</td></tr>
<tr><td>पूर्व उन्मोचित जातीय प्रदर्शन</td><td>तराई - २ कठ्ठा, पहाड- १ रोपनी</td></tr>
<tr><td>नव उन्मोचित जातीय प्रदर्शन</td><td>तराई - १० कठ्ठा, पहाड- ५ रोपनी</td></tr>
<tr><td>अन्य प्रदर्शन</td><td>तराई - १ कठ्ठा, पहाड- ०.५ रोपनी</td></tr>
</table></td><td>धान/मकै</td></tr>
<tr><td></td><td>नेपाल कृषि अनुसन्धान परिषदबाट सिफारिस भएका नयाँ तथा उच्च</td><td>धान/मकै</td></tr>
</table>



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| | उत्पादन दिने जातहरु तथा आधुनिक प्रविधिहरुको प्रदर्शन गरिनेछ । | |
| | पूर्व उन्मोचित जातहरुको जातीय परीक्षणलाई प्राथमिकता दिइनेछ । | धान/मकै |
| | परीक्षण तथा प्रदर्शन कार्यक्रम संचालन गर्न प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयको प्राविधिक सहयोग लिइनेछ । | धान/मकै |
| उन्नत बीउ वितरण | • नेपालमा विकास भई लोकप्रिय भएका जातहरुमा मात्र (बर्णशंकर समेत) बीउ अनुदान कार्यक्रम संचालन हुनेछ ।<br>• स्थानीय स्तरमै बीउ बीजन बिक्रेतालाई समितिले क्लस्टरको लागि आधिकारिक विक्रेता तोक्नेछ ।<br>• बिक्रेताले तोकिएको बीउ उत्पादकबाट उन्नत बीउ प्राप्त गरी कृषकलाई बिक्रि गर्नेछ ।<br>• जग्गाको क्षेत्रफलको आधारमा तोकिएको बीउ बिजन बिक्रेता वा सेवा प्रदायकबाट बीउ विजन खरिद गर्न कृषकलाई बीउको परिमाण खुलेको कुपन उपलव्ध गराईनेछ ।<br>• कृषकले खरिद गरेको बीउ समितिले भेरिफाई गरे पछि स्थानीय तह/स्थानीय तहको कृषि हेर्ने शाखा वा इकाईले डिजिटल इन्ट्री गर्नेछ ।<br>• बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ बमोजिमको राष्ट्रिय बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्था समितिले कृषकलाई उन्नत बीउ खरिदमा अनुदान दिने प्रयोजनको लागि तोकेको जातमा बढिमा ५०% मूल्य अनुदान उपलव्ध गराइने छ ।<br>• कृषकले बीउ खरिद गरेको बीलको आधारमा उपलव्ध गराइने अनुदान बापतको रकम सोझै कृषकको बैंक खातामा फिर्ता गर्ने व्यवस्थाको लागि समितिले स्थानीय तहलाई सिफारिश गर्नेछ।<br>• बीउ विजन डिपो टाढा भए कल्स्टरको क्षेत्रफलको आधारमा तोकीएको बीउ बिक्रेता वा सेवा प्रदायकबाट बजार मूल्य/ तोकिएको मूल्यमा बिउ विजन खरिद गरी एकमुष्ठ ढुवानी गरी मूल्य र ढुवानी भाडा लिइ कृषकलाई उपलब्ध गराउन सकिनेछ ।कृषकले खरिद गरेको बीउको बीलको आधारमा उपलव्ध गराइने अनुदान बापतको रकम सोझै कृषकको बैंक खातामा फिर्ता गर्ने व्यवस्था गरिने । | धान/मकै |
| बीउ उत्पादन,प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | • क्लस्टर अन्तर्गत प्रमुख बालीहरुको उन्नत बीउ उत्पादनको लागि उपयुक्त क्षेत्र एवं कृषक समूह/सहकारी/कृषकको छनौट गरिनेछ ।<br>• कृषक समूह/सहकारी/निजी उद्यमी/कम्पनीले तराईको हकमा प्रति बाली न्यूनतम धानमा १० हेक्टर तथा मकैमा ५ हेक्टर र पहाडी क्षेत्रमा प्रति बाली न्यूनतम धान/मकै २५ रोपनी क्षेत्रफलको व्लक एकै जातको बीउ उत्पादन गर्न श्रोत बीउमा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ।<br>• उन्नत बीउ उत्पादकले बीउ विजन तथा गुणस्तर नियन्त्रण केन्द्रबाट सन्चालित Digitally Enabled Seed Information System (DESIS) को | धान/मकै |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| | उपयोग गरी नार्क तथा अन्य सरकारी फार्म केन्द्र र अन्य स्रोत बीउ उत्पादनको लागि अनुमति प्राप्त गरेको उत्पादकहरुबाट आवश्यक स्रोत बीउ प्राप्त गर्न सक्नेछन् ।<br>• बीउ उत्पादकलाई आवश्यक पर्ने प्रोशेसिङ्ग प्लान्ट, सिड ट्रिटर, ग्रेडर लगायतका औजार उपकरण र बीउ प्याकेजिङ्ग लेभलिङ्ग सहयोग समेत उपलब्ध हुनेछ । | |
| चक्लाबन्दी वा सामूहिक खेति प्रवर्द्धनका लागि एक पटकका लागि जमिन सम्याउन प्रोत्साहन अनुदान | छनौट भएका उत्पादन ब्लकहरुमा प्रति हेक्टर रु.१०,०००।— (दश हजार रुपैयाँ) नबढ्ने गरी समितिको निर्णय बमोजिम प्रोत्साहन दिन सकिनेछ । | धान/मकै |
| सामुहिक/सामुदायिक/नीजि कृषि सामग्री विक्री तथा कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापनाः | अ) क्लस्टर अन्तर्गत कृषकहरुको लागि आवश्यक बीउ, मलखाद, विषादी, स-साना औजार तथा उपकरण विक्री वितरण एवं बाली उत्पादन, कटानी आदिमा प्रयोग हुने ट्रयाक्टर तथा ट्रयाक्टरमा जडान हुने उपकरणहरु भाडा लिइ उपलब्ध गराउने सामुहिक वा निजी सेवा केन्द्र स्थापना गरिने छ । कलस्टरको साइज, कृषि समग्री तथा मेशिनरी मागको आधारमा क्लस्टरमा एक वा सो भन्दा बढी सेवा केन्द्र हुन सक्नेछ ।(कष्टम हायरिङ्ग सेवा केन्द्रमा हुनु पर्ने न्यूनतमा कृषि यन्त्रहरु तालिका (क) मा उल्लेख भए बमोजिम हुनेछ)<br>(आ) सहकारी/सामुदायिक वा निजी सेवा केन्द्रले कृषि सामग्री र साना औजार तथा उपकरण बिक्री वितरण र कष्टम हायरीङ्ग सेवा मध्ये कुनै एक वा दुवै कार्य गर्न सक्नेछन् । दुवै प्रकारका सेवा केन्द्रहरुलाई मलखाद तथा बीउ विजनको डिलरसीपको लागि प्राथमिकता दिइने छ ।यस्ता सेवा केन्द्रहरु कानुन बमोजिम दर्ता भई व्यवसायिक कारोवार गर्न योग्य हुनु पर्नेछ ।<br>(इ) कष्टम हायरिङ्ग सेवा प्रदान गर्नेले पालना गर्नु पर्ने शर्तहरुः यस्तो कष्टम हायरिङ्ग सेवा प्रदान गर्नेले अनुदान प्राप्त गर्न चाहेमा देहाय बमोजिमका शर्तहरु पुरा गर्नु पर्नेछः-<br>• यस्तो केन्द्र स्थापनाका लागि आवेदन दिने आवेदकहरुले आवश्यक घर तथा जग्गा उपलब्ध गराउनु पर्नेछ ।<br>• यस्तो जग्गाको स्वामित्व आफूमा नभएमा कम्तिमा १५ वर्ष अवधिको लागि भाडामा लिएको हुनुपर्नेछ ।<br>• कष्टम हायरिङ्ग संचालन हुने अवस्थामा कष्टम हायरिङ्ग सेवा उपलब्ध गराउने सेवा/सहुलियत प्रचलित बजार मूल्य/भाडा भन्दा कम्तीमा २० प्रतिशत कम हुनुपर्नेछ ।<br>• साथै, कार्यक्रम संचालन हुने स्थानका यस कार्यक्रममा आवद्ध कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म/कम्पनी/उपभोक्ता समितिले विगत देखिनै | धान/मकै |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| | कष्टम हायरिङ्ग संचालन गरिरहेको अवस्थामा सेन्टरमा रहेका कृषि यन्त्रहरु अपुग भई आवश्यक कृषि यन्त्रहरुमा माग गरेमा उक्त कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म/कम्पनी/उपभोक्ता समितिलाई समेत आवश्यकता अनुरुप कृषि यन्त्रहरु उपलब्ध गराउन सकिनेछ ।<br>• कुल लागतको ५०% वा एकपटकको लागि बढिमा एकमुष्ठ रु. २५,००,०००।— (पच्चिस लाख रुपैयाँ) अनुदान स्वरुप उपलब्ध गराइने छ ।निजी सेवा केन्द्र स्थापनाको लागि यस्तो अनुदान कुल लागतको ५०% वा बढिमा १५,००,०००।— (पन्ध्र लाख रुपैयाँ) अनुदान स्वरुप उपलब्ध गराइने छ । वा यसरी स्थापना हुने सेवा केन्द्रलाई कष्टम हायरिङ्ग सेवाका लागि मात्र आवश्यक मेशिनरी औजार उपकरणहरुमा नियमानुसारको अनुदान उपलब्ध गराइनेछ ।<br>• कष्टम हायरिङ्ग वा कष्टोमाइज्ड सेवा उपलव्ध गराउन निजी तथा सामुदायिक संस्थाहरु तयार नभएको अवस्थामा वा अन्य व्यवहारिक कारणले त्यस प्रकारका सेवा केन्द्र संचालन गर्न सम्भव नभएको अवस्थामा सम्बन्धित स्थानीय तहलाई सेवा केन्द्र स्थापना गर्न उत्प्रेरित गरिने छ। | |

**२.२ प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयहरुबाट संचालन हुने कार्यक्रमको आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलाप**

(क) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले बुँदा न २.१ (क) बमोजिमको समितिले छनौट गरेको क्लष्टर भित्र उत्पादन भएका कृषि उपजको प्रशोधन, बजार व्यवस्थापन, भण्डारण आदि कार्यमा सहयोग गर्ने उद्देश्यले पूर्वाधार विकास (भण्डारण संरचना निर्माण, साइलो निर्माण, ड्रायर स्थापना; थ्रेसिङ्ग फ्लोर निर्माण आदि), ब्रान्डिङ्ग सहयोग तथा कष्टमाइज्ड सेवा संचालन क्रियाकलापहरु कार्यान्वयन गर्न नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ ।

(ख) बुँदा नं (क) बमोजिम आवेदन प्राप्त भई आवश्यक मापदण्ड पुरा गरेका सबै आवेदकहरु कार्यक्रममा आवद्ध हुन सक्नेछन् । तर स्वीकृत कार्यक्रम र बजेटको सिमितता भएको अवस्थामा प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्राप्त आवेदनहरुको मूल्याङ्कन गर्न मूल्याङ्कन समिति गठन गरी उक्त समितिले बनाएको छनौट मापदण्डको आधारमा लाभग्राही छनौट गर्न सक्नेछ । तर प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयमा जिल्लास्तरमा कृषि कार्यक्रम सञ्चालन गर्न समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम कार्यान्वयन गर्न सकनेछ । यसरी गठन हुने समितिमा संघीय सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्र एवं स्थानीय तह समावेश गर्न सकिनेछ।

(ग) कार्यक्रम कार्यान्वयन हुनु पूर्व कार्यक्रम संचालन स्थल तथा लाभग्राही छनौट भए पश्चात् सम्बन्धित स्थानीय तहको रोहबरमा धान मिल/दाना उद्योगीसँग पूर्व उत्पादन करार सम्झौताका लागि प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले सहजीकरण गर्नेछ ।

(घ) बुँदा नं (क) भन्दा बाहेकका प्रविधि विस्तार, बिजबृद्धि, परीक्षण तथा प्रदर्शन कार्यक्रम संचालन, क्षमता अभिवृद्धि तालिम, इन्टर्नसिप कार्यक्रमहरु लगायतका कार्यक्रमहरु तालिका २ मा उल्लेख भए बमोजिम सञ्चालन हुनेछ ।

**तालिका २: प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयबाट संचालन हुने क्रियाकलापहरु (धान र मकै)**

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| कार्यक्रममा आवद्ध हुने कृषक/समुह/सहकारी/ निजि/उद्यमी र व्यवसायीहरुको अभिलेख तयार गरी कम्प्युटर प्रणालीमा प्रविष्ट | | धान/मकै |
| प्रविधि प्रदर्शन कार्यक्रम | नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा नयाँ तथा नविनतम् प्रविधिहरु सम्बन्धी तालिम तथा प्रदर्शन तथा सिमिट/इरी लगायतका संस्थाहरु मार्फत् विकास भएका उच्च उत्पादन दिने धान/मकैका जातहरुको प्रदर्शन कार्यक्रम संचालन गरिनेछ । | धान/मकै |
| खेति प्रविधि प्याकेज (Package of Practice-PoP) तयारी तथा प्रसार | • क्लस्टरमा नजिकको कृषि अनुसन्धान केन्द्र, संघीय मन्त्रालयको कार्यालय, प्रादेशिक मन्त्रालयको कार्यालय र उत्पादन क्लष्टरका प्रतिनिधी कृषकहरुको सहभागितामा कृषकका समस्या पहिचानको लागि छलफल आयोजना गरिने।<br>• समस्या पहिचानको आधारमा कृषकले अपनाइ आएको विद्यमान तरिका र उपलब्ध प्रविधि वीचको अन्तर पत्ता लगाइ कृषकको असल अभ्यास समेत समावेश गरि PoP तयार गरिने । सो को लागि सम्वन्धित प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय अन्तर्गत एक विज्ञ समूह गठन गर्न सकिने।<br>• PoP तयारी भएपछि विभिन्न agro-ecological regions को प्रतिनिधित्व हुने गरि क्लस्टरहरुमा कृषकहरुबीच pre-testing गरिने । Pre-testing को आधारमा PoP लाई अन्तिम रुप दिई लागु गरिने ।<br>• PoP मा आधारित स्थलगत तालिम तथा प्रदर्शन सन्चालन | धान/मकै |
| कष्टोमाइज्ड सेवा दिने सेवा केन्द्र स्थापना र सन्चालनका लागि पाइलटिङ्ग गरिने: | क्लस्टर भित्र र बाहिर समेत मूल्य तथा शुल्क लिई बाली उत्पादन भण्डारण, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित वस्तु र सेवा उपलब्ध गराउन नमुनाको रुपमा केहि सिमित क्लस्टरहरुमा कृषकहरुलाई आवश्यक र माग बमोजिमको | धान/मकै |



नेपाल सरकार कृषि तथा पशुपन्छी ... सिंहदरबार

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| | कष्टमाइज्ड सेवा दिने सेवा केन्द्र स्थापना र संचालनको लागि पाइलट (piloting) कार्यक्रम संचालन गरिनेछ । यस पाइलट कार्यक्रमका लागि आवेदक छनौटका लागि समितिले मापदण्ड बनाइ छनौट गर्नेछ ।<br><br>कष्टमाइज्ड सेवा केन्द्रले देहाय अनुसारका कृषि उत्पादन सामग्री तथा सेवाहरु मूल्य सूची समेत प्रकाशित गरी उपलब्ध गराउन सक्ने छ:<br>● सिफारिस गरिएको उन्नत बीउ<br>● बेर्ना उत्पादन (seedling factory) र विक्री वितरण<br>● 2W पावर टिलर तथा ट्रायक्टर जडित विभिन्न attachment प्रयोग गरी जमिनको जोताइ तथा जमिनको तयारी<br>● Transplanter/Planter/Multicrop Seed Drill/Precision planter को प्रयोग<br>● मलखाद तथा विषादिको विक्री वितरण र खेत बालीमा प्रयोग<br>● धान/मकै गोड्ने मेशिन<br>● मेशिन प्रयोग गरी गोडमेल<br>● कम्वाइन तथा साना मेशीनरीहरुको प्रयोग गरी बाली कटानी तथा चुटानी<br>● प्राविधिक सेवा टेवा तथा परामर्श सेवा<br>● कृषि सामग्री तथा उत्पादन ढुवानी सेवा | |
| धान मिल संचालक तथा दाना उद्योगीलाई चैते धान/मकै सुकाउन ड्रायर सहयोग तथा सामुदायिक स्तरमा मध्यम साइजका Movable Dryer सहयोग कार्यक्रम, धान मिलको स्तरोन्नती | • स्थानीय तहमा कार्यक्रम सञ्चालनको लागि गठित समितिसँग समन्वय गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन, आवेदन माग तथा लाभग्राही छनौट गर्नेछ | धान/मकै |
| धान र अन्य अन्न भण्डारणको लागि गोदाम घर निर्माण | प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग समन्वय गरी उक्त संरचनाको स्पेशिफिकेसन र लागत अनुमान तयार गरी प्रचलित नियमानुसार संचालन गर्नेछ । | धान/मकै |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| सिंचाइ पूर्वाधार विकास | • मुलत चैते धान र बसन्ते मकै खेति विस्तारका लागि सिंचाइ सुविधा उपलब्ध गराउन सोलार पम्प, स्यालो ट्युववेल जडान तथा साना सिंचाइ कार्यक्रम संचालन गरिनेछ ।<br>• यसका लागि लागत इष्टिमेटको ५० प्रतिशत वा रु. १,५०,०००।– (एक लाख पचास हजार रुपैयाँ) मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप उपलब्ध गराइनेछ । | धान/मकै |
| उत्पादनमा आधारित बाली बीमा कार्यक्रम प्रवर्द्धन | प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले सम्बन्धित जिल्लामा बाली बीमाका लागि तोकिएका निर्जिवन बीमा कम्पनीहरुसँग समन्वय गरी कार्यान्वियन गर्नेछ | धान/मकै |
| नेपालमा उन्मोचन भएका धान/चामलको ब्राण्डीङ्ग सहयोग कार्यक्रम | स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न गठित समितिसँग समन्वय गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन, माग सङ्कलन, लाभग्राही छनौट गरी कार्यान्वयन गर्नेछ | धान |
| अन्तरबाली व्यवस्थापन | कार्यक्रम अन्तरगत मकैबाली सम्भाग संचालन हुने क्लष्टरहरुमा कोशेबालीलाई अन्तरबालीको रुपमा लगाइने । | मकै |
| कृषि यन्त्रहरुको संचालन, मर्मत सम्भार तथा सुरक्षा (safety measure) सम्बन्धी तालिम | कृषि इन्जिनियरिङ्ग डिभिजन वा कृषि यन्त्र परीक्षण केन्द्रसँग समेत आवश्यक समन्वय गरी संचालन गरिनेछ । | धान/मकै |
| भण्डारण पूर्वाधार विकास तथा पोष्ट हार्भेष्ट व्यवस्थापन सहयोग कार्यक्रम(थ्रेसिङ्ग फ्लोर, साइलो, हर्मेटिक व्याग, ड्रायरआदि) | स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न गठित समितिसँग समन्वय गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन, माग सकलन, लाभग्राही छनौट गरी कार्यान्वयन गर्ने | धान/मकै |
| इन्टर्नशिप कार्यक्रम सन्चालन | त्रिभुवन विश्व विद्यालय, कृषि तथा बन विश्वविद्यालय र अन्य कलेजमा अध्ययनरत विद्यार्थी एवं जेटि/जेटिए अध्ययन गरि रहेका विद्यार्थीहरुलाई स्थानीय तह कृषि शाखाले इन्टर्नशिपको लागि क्लस्टरमा खटाउन सक्ने छ ।इन्टर्नशिपमा रहेका विद्यार्थीहरुले क्लस्टरमा सन्चालन हुने गतिवधिमा सहभागी भइ मिशनलाई सघाउनु पर्ने छ । उनिहरुले पूरा गर्नु पर्ने जिम्मेवारी मिशनले तोके बमोजिम हुने र सो को आधारमा कृषि शाखा प्रमुखले प्रशिक्षार्थीको मूल्याङ्कन गर्ने छन् । इन्टर्नशिप अवधि कम्तिमा ९० दिन र बढिमा १२० दिनको हुने छ । प्रशिक्षार्थीले दैनिक रुपमा आफूले गरेका कार्य वा आफू सहभागी भएको कृयाकलापहरुको विवरण समावेश गरि डायरी बनाउनु पर्ने छ ।यसको अलावा इन्टर्नशिपको अन्तमा पुरै अवधिमा आफूले | धान/मकै |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| | गरेका कार्यहरु र सिकेका तथा सिकाईका विषयहरु समावेश गरि प्रतिवेदन तयार गरी एक एक प्रति सम्वन्धित स्थानीय तह कृषि शाखा र क्लष्टर समन्वय समितिलाई बुझाउनु पर्ने छ । | |
| बाली संरक्षण सेवा | यस अन्तरगत कृषकलाई आवश्यक पर्ने जैविक/रासायनिक विषादिको समयमै उपलब्धता गराइनेछ । समय समयमा देखिने रोग कीरा व्यवस्थापनका लागि बाली संरक्षणका क्रियाकलापहरु (कृषक पाठशाला, तालिम, अभिमूखीकरण, विषादी वितरण आदि) संचालन गरिनेछ । | |
| हाइब्रिड धान/मकै उत्पादन तालिम (कृषक/सहायक प्राविधिक/अधिकृत स्तर) | तालिम कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्को नजिकको अनुसन्धान केन्द्र तथा राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रम/राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रमका श्रोत व्यक्ती/विज्ञहरुबाट सहजीकरण हुने गरी संचालन गरिनेछ | |
| खाद्य तत्व व्यवस्थापन तालिम | | |
| सचेतना कार्यक्रम | मकैबालीमा बढी चिस्यानका कारण देखिने अफ्लाटोक्सिन विसाक्तको सम्बन्धमा विद्युतीय तथा छापा संचार माध्यमहरुबाट सचेतना कार्यक्रम संचालन गरिने | |
| करार सम्झौता | धान/मकै उत्पादक र क्रेताबीच करार सम्झौता (Buy Back Agreement) गरी बजारीकरणको सुनिश्चतता गर्ने | |

(ङ) यस संचालन प्रक्रिया अन्तरगत स्थानीय तहले संचालन गर्ने क्रियाकलापहरुको कार्यान्वयनमा प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयबाट प्राविधिक सहयोग हुनेछ ।

(च) प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले बुँदा नं २.१ (क) बमोजिमको समितिले छनौट गरेको कृषकहरुलाई पहिलो प्राथमिकता दिई कार्यक्रम संचालन गर्नेछ ।

## २.३ रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनको आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलापः

(क) अधिकांश मध्य पहाडी र उच्च पहाडी क्षेत्रको खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारको रुपमा रहेका तर हाल निकै कम खेति गरिने परामपरागत अन्न एवम् कोदो जन्य बालीहरुको प्रवर्द्धन गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन यो कार्यक्रम संचालन गरिनेछ।

(ख) रैथाने बाली प्रवर्द्धनका लागि उत्पादन पूर्व अवस्था देखि उपभोगसम्ममा पुग्दा पार हुने विभिन्न चरणहरु (उत्पादन सामग्री आपूर्ती, उत्पादन, प्रशोधन, बजारीकरण तथा उपभोग आदि) मा सहजीकरण गर्ने गरी पूर्ण मूल्य श्रृंखला अवधारणामा (Complete Value Chain Approach) आधारित रही कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रम देहायका ५ उप सम्भागहरु (Sub Components) मा केन्द्रित रही संचालन गरिनेछ। उप सम्भाग अन्तरगत संचालन गरिने क्रियाकलापहरु बुँदा न५ अनुसारका हुनेछन् ।

(अ) सचेतना वृद्धि (Awareness Creation)



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

(आ)उत्पादन सामग्री आपूर्ति तथा प्रविधि (Input supply and Technology)

(इ) उत्पादन विविधीकरण (Product diversification)

(ई) बजारीकरण सहयोग (Marketing support)

(उ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)

(ग) यस कार्यक्रमको कार्यान्वयन स्वीकृत बजेट र कार्यक्रमको परिधि भित्र रही मुलत स्थानीय तह मार्फत् हुनेछन् प्रदेश एवं संघीय निकायहरुबाट सहयोगी कार्यक्रमहरु संचालन हुनेछन् ।

(घ) कार्यक्रम संचालन हुने क्रियाकलापहरु क्लष्टरमा संचालन गरिनेछ ।क्लष्टरमा कार्यक्रम संचालन गर्दा क्लष्टरको क्षेत्रफल २० हेक्टर र क्लष्टरभित्रको ब्लकको हकमा ५ हेक्टर हुनुपर्नेछ ।यसरी कायम हुने ब्लक सामूहिक वा व्यक्तिगत हुन सक्नेछन् ।

(ङ) यस संचालन प्रक्रिया अनुसार संचालन हुने रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि बुँदा न २.१ (क) र २.१ (झ) मा व्यवस्था भए बमोजिमको समिति तथा क्लष्टर समन्वय समिति समेत गठन हुन सक्नेछन्।

(च) यस कार्यक्रम अन्तरगत पहिलो चरणमा कोदो, फापर, उवा, कागुनो, चिनो, जौ, जुनेलो, लट्टे, मास, मस्याङ्ग, गहत लगायतका रैथाने बालीहरुमा संरक्षण एवं प्रवर्द्धन कार्यहरु संचालन गरिनेछ।

(छ) यस कार्यक्रम संचालनका लागि सम्बन्धित स्थानीय तहले कार्यक्रममा आवद्ध हुन आवश्यक कागजात समेत उल्लेख गरी नियमानुसार सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

(ज) बुँदा नं (छ) बमोजिम प्रकाशन भएको सूचनाको आधारमा कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरुमा सहभागी हुने इच्छुक आवेदकहरुले सम्बन्धित स्थानीय तहले तोकेको आवश्यक कागजात सहित सूचिकृत हुनको लागि आवेदन दिनु पर्ने छ । यसरी प्राप्त आवेदनको स्थानीय तहले आवश्यक जाँचबुझ गरी सूचिकृत गर्ने छ ।यसरी सूचीकृत हुने आवेदकहरुको विवरण डिजिटल प्रविष्ट समेत सम्बन्धित स्थानीय तहले गर्नेछ ।

(झ) बुँदा नं (ज) बमोजिम सूचीकृत भएका र आवश्यक मापदण्ड पुरा गरेका सबै आवेदकहरु कार्यक्रममा आवद्ध हुन सक्नेछन् । तर स्वीकृत कार्यक्रम र बजेटको सिमितता भएको अवस्थामा सूचिकृत हुने आवेदकहरु मध्येबाट सम्बन्धित स्थानीय तहले छनौट मापदण्ड बनाई लाभग्राहीको छनौट गर्नेछ ।

(ञ) उन्नत जातमा कृषकहरुको पहुँचका लागि सहभागीतामूलक जातीय छनौट, बीउ उत्पादन कार्यक्रम तथा बस्तू विविधिकरण तथा प्रशोधन सम्बन्धी तालिम आदि प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयबाट संचालन गरिनेछ।

(ट) कृषकहरुले मन पराएका र क्षेत्र विस्तारको लागि सम्भावना भएका रैथाने जातहरुको समेत बीउ प्लट छनोट गरिनेछ र परिषदमार्फत् त्यस्ता जातहरु दर्ता गरी राष्ट्रिय अभिलेखमा राख्नका लागि जातीय विवरण (Varietal descriptor) सहितको जात दर्ता गर्ने प्रस्ताव तयार भई राष्ट्रिय बीउ बिजन समितिमा पेश गरिनेछ।

(ठ) दर्ता भएका रैथाने जातहरुको समेत योजनाबद्ध तवरले बीज बृद्धि गरी क्षेत्र विस्तार गरिनेछ।

(ड) जैविक विविधता संरक्षणको लागि रैथाने बालीका स्थानीय जातहरु संकलन तथा पासपोर्ट डाटा तयार गरी नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको जीन बैंकलाई हस्तान्तरण गरिनेछ।

(ढ) कार्यक्रम लागू हुने जिल्लाहरुको लागि नेपाल कृषि अनुसन्धान परिषद तथा बीउ उत्पादक कृषक समूह/सहकारी तथा गैर सरकारी संस्थाहरुमार्फत् आवश्यक बीउ उपलब्ध गराइनेछ तथा कृषकले मन पराएका र सन्तोषजनक उत्पादकत्व भईरहेका रैथाने बालीका स्थानीय जातहरुलाई समेत बीउको रुपमा प्रयोगग र्नसकिनेछ र यी जातहरु राष्ट्रिय बीउ बिजन समितिमा पन्जीकरण हुने व्यवस्थाका लागि आवश्यक तयारी तथा पहल गरिनेछ।

(त) यस सम्भाग अन्तरगत देहाय अनुसारका क्रियाकलापहरु संचालन हुनेछन्:-

**(अ) सचेतना अभिवृद्धि (Awareness Enhancement):**

- महिला स्वास्थ्य स्वयंसेवक तथा आइ पि एम सहजकर्ताहरुलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी तालिम ।
- स्थानीय तथा राष्ट्रिय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारीमूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदि) ।
- ख्याती प्राप्त कलाकार/राष्ट्रिय व्यक्तित्वसँगको सहयोगमा सूचना तथा सन्देश उत्पादन प्रशोधन र प्रसारण ।
- कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरु बीच अभिमूखीकरण गोष्ठी ।

**(आ) उत्पादन सामग्री सहयोग तथा प्रविधि (Input Support and Technology):** यस अन्तरगत कृषक समूह, सहकारी, निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति सहभागी हुन सक्नेछन् । अनुदानमा बीउ प्राप्त गर्ने कृषकको हकमा कम्तीमा ३ रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिको हकमा कम्तिमा १५ रोपनीमा रैथाने बालीको सम्भव भएसम्म क्लष्टरमा खेति गरिएको हुनुपर्नेछ। यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछन्:-

- रैथाने बाली उन्नत खेति प्रविधि सम्बन्धी तालिम
- तालिम श्रोत सामग्री तयारी, प्रकाशन तथा वितरण
- अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ वितरण
- रैथाने बालीको बीउ ढुवानीका लागि ढुवानी अनुदान
- प्रदर्शन तथा जातीय छनौटका क्रियाकलाप संचालन
- अनुदानमा हाते ट्रयाक्टर तथा औजार उपकरण उपलब्ध गराउने ।
- प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar संचालन गर्ने ।
- भकारो सुधार तथा कम्पोष्टिङ्ग
- Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरुको संकलन गरी संरक्षण गर्ने उद्धेश्यले यो क्रियाकलाप



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं नेपाल

(इ) **उत्पादन विविधकरण तथा मूल्य अभिवृद्धि (Product diversification and Value Addition):** रैथाने बालीको प्रवर्द्धन तथा संरक्षणमा संलग्न रहेका कृषक, समूह, सहकारी, निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति समावेश हुन सक्नेछन् । यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछः-

- होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी तालिम संचालन ।
- उत्पादन विविधिकरण तालिम लिने सहभागीलाई सम्झौता गरी अनुदानमा औजार उपकरण तथा वस्तुगत सहयोग ।
- रैथाने बालीको प्याकेजिङ्ग र लेवलिङ्गमा अनुदान सहयोग ।
- उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा अनुदान सहयोग ।
- बाली चुट्ने तथा फल्ने मेशिन तथा उपकरण
- उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमः कार्यक्रम कार्यान्वयनका लागि सूचित भएका र क्लष्टरमा रैथाने बाली उत्पादन गरी प्याकेजिङ्ग र ब्रान्डिङ गरी बजारमा उपलब्ध गराउने समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइनेछ ।

(ई) **बजारीकरण सहयोग (Marketing support):**

- अनुदानमा रैथाने बालीका उत्पादन विक्री कक्ष (Selling Center) निर्माण
- सिलिङ मेशिनमा अनुदान सहयोग
- उत्पादित वालीको प्याकिङ्ग तथा लेवलिङ्गका लागि सामाग्रीको व्यवस्थापनमा अनुदान
- रैथाने बालीका उत्पादनहरुको सहज आपूर्तीका लागि मुख्य शहरहरुमा आधारिकारिक बिक्री केन्द्र निर्माण सहयोग
- खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम
- केता र बिक्रेता बीच Buy Back Agreement तथा सञ्जाल निर्माण
- प्राङ्गारिक प्रमाणिकरणका लागि लाग्ने खर्चमा अनुदान सहयोग

(उ) **जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation):**

- सामुदायिक बीउ बैंकको स्थापना
- रैथानै बालीको तथ्यांक संकलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन (केन्द्र तथा जिल्लास्तरमा)
- रैथाने बाली प्रवर्द्धन तथा अभिलेखिकरण राष्ट्रिय स्तरको गोष्ठी संचालन
- रैथाने बाली जातीय दर्ता प्रक्रियामा सहजीकरण
- Image Bank को स्थापना: विभिन्न रैथाने बालीहरुको संरक्षण गर्न कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरुमा रहेका रैथाने बालीहरुका डिजिटल तस्वीरहरु प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

कार्यालयहरु मार्फत संकलन गरी संरक्षण गरिनेछ । इमेज बैंक तयार गर्दा रैथाने बालीको नाम, वैज्ञानिक नाम, फैलावट, मूख्य बानस्पतिक विवरण आदि अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

- Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरुको संकलन गरी संरक्षण गर्ने

**३ सम्झौता एवं अनुदान प्रवाहः**

(क) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएका अनुदानग्राहीसँग आवश्यकता अनुरुप वार्ता गरी अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय/सम्वन्धित स्थानीय तहले सम्झौता गरी कार्यादेश दिनेछ।

(ख) बुँदा (क) बमोजिम हुने सम्झौता बमोजिम प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय/सम्वन्धित स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

**४. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकायको जिम्मेवारी**

**४.१ संघीय सरकारः**

(क) प्राविधिक पृष्ठपोषण

(ख) कार्यक्रम संचालनमा सहजीकरण तथा अन्तर सरकार समन्वय,

(ग) अनुगमन, मूल्याङ्कनतथा प्रगति कम्पाईलेशन ।

**४.२ प्रदेश सरकार**

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) क्लष्टर पहिचान र छनौट,

(ग) लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(घ) प्राविधिक सेवा,

(ङ) सरकारी एवं निजी स्रोतकेन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(च) सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित प्रदेशले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

(छ) अनुगमन, मूल्याङ्कन एवं प्रतिवेदन।

**४.३ स्थानीय तह**

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) क्लष्टर पहिचान एवं छनौट,

(ग) लाभग्राही/अनुदानग्राही छनौटतथा अनुदान प्रवाह,

(घ) प्राविधिक सेवा,

(ङ) सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

(च) अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदन ।

## ५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः

**(क)विवरण प्रकाशन गर्नुपर्नेः** अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण नियमित अध्यावधिक गरी सूचना पाटी एवं वेबसाइटमा प्रकाशन गर्नेछ ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

(अ)अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले चौमासिक एवं बार्षिक प्रगति विवरण बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने प्रदेश/स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः**

(अ) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन संघीय तथा प्रादेशिक तहका सम्वन्धित निकायहरु एवं सम्वन्धित स्थानीय तहबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ ।

(आ) अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ। अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(इ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्वन्धी हिसाब देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

(ई) अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अनुदान रकम सम्वन्धी विवरण सहितको होर्डिङ बोर्ड कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(उ) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिई सम्झौता अनुरुप कार्य नगरेमा वा गुणस्तरीय कार्य सम्पादन नगरेमा त्यस्ता अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिनेछ।

(ए) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

## ६. कार्यक्रम समवद्ध अनुसूची/फाराम/मूल्याङ्कनका मापदण्ड

**(क) यान्त्रिकीकरणका लागि कष्टम हायरिङ्ग स्थापनाका लागि आवश्यक न्यूनतम कृषि यन्त्रहरुको विवरण(धान)**

| क स | कृषि यन्त्रहरु | कैफियत |
|---|---|---|
| १ | ट्याक्टर | स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार |
| २ | ल्याण्ड लेभलर | |
| ३ | धान रोप्ने मेशिन | |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार

| | | |
|---|---|---|
| ४ | झार गोड्ने मेशिन | |
| ५ | सिड ड्रिल | |
| ६ | ड्रम सिडर | |
| ७ | कम्वाइन हार्भेष्टर | |
| ८ | नर्सरी ट्रे | |
| ९ | पावर विडर | |
| १० | नर्सरी सिड मेशिन | |
| ११ | ट्र्याक्टरमा जडित पावर स्प्रेयर | |
| १२ | ह्याप्पी सिडर | |
| १३ | Attachments सहितका पावर टिलर | |
| १४ | माग र आवश्यकताका आधारमा अन्य कृषि यन्त्रहरु | |

**(ख) कष्टम हायरिङ्ग संचालनका लागि कृषि यन्त्रहरुको सेट (मकै)**

| क स | कृषि यन्त्र | संख्या |
|---|---|---|
| १ | ट्र्याक्टर | १ |
| २ | Multi crop seed drill | १ |
| ३ | मकै गोड्ने मेशिन | ३ |
| ४ | Maize Harvester | १ |
| ५ | Shelling Machine | ५ |
| ६ | Weighing Machine | ५ |
| ७ | Thresher | ३ |
| ८ | मकै पिन्ने मेशिन | ५ |
| ९ | आवश्यकता र मागका आधारमा अन्य आवश्यक उपकरणहरु | |

**माथि उल्लेख गरिएका कृषि यन्त्रहरुमा मागका आधारमा थपघट गर्न सकिनेछ ।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## (ग) चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम
कार्यक्रम संचालन गर्ने कार्यालयको नामः
आ.व. २०७...                महिनाः

१. कार्यक्रम कार्यन्वयन अवस्था

| क्र.स. | यस महिनामा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

२. कार्यक्रमको प्रतिफल (छनौट भएका क्लष्टर विवरण, बाली, क्षेत्रफल, लाभग्राही, रोजगारी सिर्जना आदि):

- 
- 
- 
- 

३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क्र. स. | वार्षिक विनियोजन (रु. हजारमा) | यस महिनाको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

- 
- 
- 

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# ७. स्थानीय तहवाट संचालन हुने कृषि पूर्वाधार विकासकार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी वि
सिंहदरवार, काठमाडौं

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/०९ गतेको निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको ।

# स्थानीय तहवाट संचालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

१. **कार्यक्रमको परिचयः** कृषि विभाग एवं कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने कृषि पूर्वाधार विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

**१.१ लक्ष्य/उद्देश्यः** यस कार्यक्रम सञ्चालन प्रक्रियाको देहाय बमोजिमका उद्देश्य रहेका छन्ः-

(क) सशर्त वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा कृषि पूर्वाधार विकास गर्ने । यसरी विकास गरिने कृषि पूर्वाधारहरुको छनौट, निर्माण र सञ्चालनको लागि स्थानीय तहलाई सहजीकरण गर्ने।

(ख) सशर्त हस्तान्तरित बजेट मार्फत निर्माण गरिने कृषि पूर्वाधारहरुको किसिम अनुसार आवश्यक पूर्वशर्तहरु, उपलब्ध भएसम्म प्राविधिक स्पेशिफिकेशन तथा कार्यक्रम कार्यान्वयन गर्दा अपनाउनु पर्ने प्राविधिक मोडालिटी बारे सहजीकरण गर्ने ।

**१.२ कार्यक्रम सञ्चालन गर्ने निकायः** स्थानीय तहहरु ।

**१.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः**सशर्त वित्तीय हस्तान्तरण मार्फत कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरु ।

**१.४ अपेक्षित उपलब्धिः**

(क) स्थानीय तहहरुमा विभिन्न स्तरका कृषि पूर्वाधारहरु जस्तै कृषि उपज संकलन/बिक्री केन्द्र, बजार पूर्वाधार, प्रशोधन उद्योग, वीउ भण्डारण घर, शीत भण्डारण घर, खाद्य गोदाम घर, सिंचाइ पूर्वाधार निर्माण भएको हुने।

२. **सञ्चालन हुने मूख्य क्रियाकलापः** कृषि पूर्वाधार विकास कार्यक्रम अन्तरगत स्थानीय तहहरुमा आ.ब. २०७७/७८ माकृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालनका देहाय बमोजिमका क्रियाकलापहरुमा सशर्त अनुदान उपलब्ध गराईने छ।

२.१ कृषि पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने

२.२ लागत सहभागितामा कृषि उपज बजार पुर्वाधार निर्माण

- २.२.१ कृषि उपज संकलन तथा विक्रि केन्द्र निर्माण
- २.२.२ कृषि बजारको स्तरोन्नती

२.३ भूमिगत सिंचाइ विकास कार्यक्रम

- २.३.१ डिप ट्युववेल जडान

२.४ सिंचाइ संरचना निर्माण

२.५ दाना प्रशोधन उद्योग स्थापना

२.६ कोल्डस्टोर निर्माण

२.७ खाद्य गोदाम घर निर्माण



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२.८ धान प्रशोधन उद्योग स्थापना

२.९ ड्रायर खरिद तथा स्थापना

२.१० बीउ भण्डारण घर निर्माण

**३. कार्यक्रम सञ्चालन विधिः**

**३.१ लागत सहभागितामा कृषि उपज संकलन केन्द्र तथा अन्य बजार पूर्वाधार निर्माण/स्तरोन्नति कार्यक्रम/बजार पूर्वाधार निर्माण सहयोग कार्यक्रमः** यस किसिमको कार्यक्रम संचालनार्थ स्थानीय तहमा सशर्त हस्तान्तरण भएको कृषि पूर्वाधार विकास कार्यक्रम संचालन गर्दा देहायको विधि अपनाउनु पर्नेछः-

(क) कृषि पूर्वाधार निर्माण सरकारी/सहकारी/सामुदायिक/सार्वजनिक जग्गामा मात्र गरिनुपर्नेछ ।

(ख) कृषि उपज बजारहरु निर्माण गर्दा बजारको प्रकार अनुसार यथासम्भव अनुसूची-१ मा उल्लिखित विभिन्न कृषि उपज बजारहरुको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरुको विवरणअनुसार वा सम्बन्धित स्थानीय तहवाट हुने प्राविधिक एवं स्थलगत निरीक्षणवाट उचित ठहरिए बमोजिम हुनुपर्नेछ ।

(ग) पूर्वाधार निर्माणपूर्व प्राविधिक र इन्जिनियरिङ्ग सम्भाव्यता अध्ययन भएको हुनुपर्नेछ ।

(घ) सशर्त हस्तान्तरित कार्यक्रममा जुन कृषि पूर्वाधार विकास कार्यक्रम निर्माण गर्ने उल्लेख भएको छ, सोही पूर्वाधार निर्माणमा मात्र हस्तान्तरित रकम खर्च गर्नुपर्नेछ ।

(ङ) कार्यक्रममा नै समुह/सहकारी/उपभोक्ता समितिसंगको साझेदारीमा कृषि पूर्वाधार विकास कार्यक्रम संचालन गरिने उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(च) निर्माण सम्वन्धी अन्य प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**३.२ कृषि पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने/स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार कृषि पूर्वाधार निर्माण कार्य संचालन गर्नेः** नयाँ कृषि पूर्वाधार विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा यसअघि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रले तयार गरिसकेको वा सम्बन्धित स्थानीय तहले गरिसकेका/गर्ने विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार कृषि पूर्वाधार निर्माण लगायतका कार्यहरुका लागि सशर्त हस्तान्तरण भएका कार्यक्रम संचालनका लागि देहायको विधि अवलम्वन गर्नुपर्नेछः-

(क) एकिकृत कृषि पूर्वाधार विकासकार्यक्रम अन्तर्गत नयाँ निर्माण हुने अत्याधुनिक ठूला पूर्वाधारको लागि सम्बन्धित स्थानीय तहले कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रसँगको समन्वयमाद्रुत विश्लेषण (Rapid Appraisal) का लागि टोली गठन गरी परिचालन गर्नुपर्नेछ । तर एकीकृत कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तर्गत हाल सञ्चालित बजारहरुको स्तरोन्नतीका लागि द्रुत विश्लेषण आवश्यक पर्ने छैन । द्रुत विश्लेषण (Rapid Appraisal) वाट सम्भाव्य देखिएका विस्तृत प्रारम्भिक सम्भाव्यतावारे अध्ययन गरी/गराइ मात्र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीका लागि प्रक्रिया आरम्भ गर्नुपर्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास
सिंहदरबार, काठमाडौं

(ख) कृषि पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा सार्वजनिक जग्गाको हकमा मात्र सशर्त वित्तीय हस्तान्तरीत बजेट खर्च गर्न पाईनेछ ।

(ग) कृषि पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी कार्यक्रम अन्तरगत सेवा तथा परामर्श सम्वन्धी खरिद प्रक्रिया, प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

(घ) यसअघि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रमार्फत विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइसकेका वा सम्वन्धित स्थानीय तहवाट नै तयार हुने विस्तृत परियोजना प्रतिवेदन (DPR) कृषि पूर्वाधार निर्माण सम्वन्धी कार्यका लागि सम्बन्धित स्थानीय तहले नै आवश्यकता अनुसार वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिम आवश्यक हुने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गरी आवश्यकता अनुसार बहुवर्षीय योजना स्वीकृत गरी निर्माण कार्य नियमानुसार गर्नुपर्नेछ ।

**३.३अन्य कृषि पूर्वाधार निर्माणका लागि आवश्यक विवरण**

(क) बीउ बैंकका लागि ३० देखि १०० मे.टन. क्षमताको वीउ भण्डारण घर र यससँगै अन्य आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै ट्रान्जिट सेड, मेशिन सेड, थ्रेसिङ्ग फ्लोरएउटै प्याकेजमा निर्माणका साथै वीउ ड्रायर, वीउ ग्रडिङ्ग मेशिनरी पनि जडान गर्नुपर्नेछ ।

(ख) बीउ भण्डारण घर, गोदाम घर, शीत भण्डारण घर कम्तीमा ३० मे.टन. भण्डारण गर्न सकिने क्षमता भएको हुनुपर्नेछ ।

(ग) कृषि पूर्वाधारको निर्माणका लागि स्थानीय आवश्यकता, उत्पादन, मागर आपुर्ती जस्ता विवरणहरु पनि संलग्न गर्नुपर्नेछ ।

(घ) कृषि मेशिनरी, प्रशोधन प्लाण्ट, चिस्यानकेन्द्र जस्ता मेशिनहरुको हकमा प्राविधिक स्पेशिफिकेशन र तयार गर्नुपर्नेछ । यसरी तयार भएको प्राविधिक स्पेशिफिकेसन कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ ।

(ङ) प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**३.४ भूमिगत सिंचाइ विकास कार्यक्रमः** सिंचाइ सुविधाको अन्य कुनै श्रोत नभएको र भूमिगत जलश्रोतको उच्च सम्भाव्यता भएको क्षेत्रमा सम्भाव्यता अध्ययनको आधारमा स्थानीय तहले भूमिगत सिंचाइ विकास कार्यक्रम संचालन गर्न सक्नेछन्। भूमिगत सिंचाइ विकास सम्बद्ध कार्यक्रमको कृषि तर्फको सम्पर्क कार्यालय कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज तोकिएकोले आवश्यक प्रकृयाको लागि उक्त कार्यालयसँग समन्वय र सम्पर्क गर्नुपर्ने र यसका अलावा यस अनुसारको कार्यहरु संचालन गर्दा देहायका विधि अवलम्वन गर्नुपर्नेछः-

(क) सम्वन्धित स्थानीय तहले भूमिगत सिंचाइ विकास कार्यक्रम संचालनका लागि उपभोक्ता समितिवाट प्रस्ताव गर्दा प्रारम्भिक सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ख) डिप टयूववेल सिंचाइ विकास कार्यक्रमको प्रस्ताव गर्दा एउटै प्याकेजमा डिप टयूववेल, पम्प हाउस र पम्प जडान सम्मको कार्य प्रस्ताव गर्नुपर्नेछ ।

(ग) डिप टयुबवेल जडान कार्य सिंचाइ नीति, २०७० अनुसार गर्नुपर्नेछ ।

(घ) स्यालो टयुबवेल जडान कार्य साना सिंचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार गर्नुपर्नेछ ।

(ङ) प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

(च) प्रारम्भिक सर्वेक्षणको प्रतिवेदनमा देहायका विवरणहरु समावेश गर्नुपर्नेछः



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

(अ) डिप टयूववेल जडान हुने स्थानको किटानी विवरण ।

(आ) डिप टयूववेल जडान हुने जग्गा मध्ये कम्तीमा १ कठ्ठा जग्गा समितिलाई उपलब्ध गराउन निवेदक समुहले जनाएको प्रतिवद्धता एवं कबुलियतनामा ।

(इ) डिप टयूववेलबाट सिंचित हुने क्षेत्रको नक्सा ।

(ई) डिप टयूववेल प्वाईन्ट सम्म मोटर बाटो भए नभएको ।

(उ) बाटो उपलब्ध नभएको भए उपभोक्तहरुले निशुल्क जग्गा उपलब्ध गराई मोटर बाटो बनाउन गरको कबुलियतनामा र कार्य तालिका ।

(ऊ) उक्त क्षेत्रको विधुतिकरणको वर्तमान अवस्था तथा सो वारे उपभोक्ताले जनाएको प्रतिबद्धता ।

(ए) जनसहभागिता स्वरुप लागतको घटिमा "सिंचाई नीति २०७०" अनुसारको जनसहभागिता बराबरको जिन्सी वा नगद वा श्रमदान अनिवार्य रुपमा व्यहोर्ने सम्बन्धमा जनाएको प्रतिवद्धता।

(ऐ) सम्भावित कमान्ड क्षेत्रमा सिंचाइको अन्य श्रोतको अवस्था ।

**३.५स्तरोन्नति गरिनुपर्ने/अधुरा कृषि पूर्वाधार विकास कार्यक्रमः** विभिन्न वर्षहरुमा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र वा अन्य सरकारी निकायवाट अनुदान/सहयोग प्राप्त गरी निर्माण शुरु गरिएका तथा विभिन्न कारणले अधुरो रहेका वा यसअघि निर्मित कृषि पूर्वाधारहरुमा स्तरोन्नतिका लागि सशर्त हस्तान्तरित कार्यक्रम कार्यान्वयन गर्दा देहायको विधि अवलम्वन गर्नुपर्नेछः-

(क) उपलव्ध बजेटमा स्थानीय तहको आफ्नै श्रोतवाट समेत रकम उपलव्ध गराइ यथासम्भव चालु आर्थिक वर्षभित्रै अधुरा संरचनाहरुलाई पूर्णता दिनुपर्नेछ ।

(ख) विद्यमान कृषि पूर्वाधार स्तरोन्नतिका लागि हस्तान्तरित बजेट अनुसारको निर्माण सम्वन्धी प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## ४. कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था

(क) संघीय सरकारबाट सशर्त वित्तिय हस्तान्तरण मार्फत स्थानीय तहमा कृषि पुर्वाधार विकास कार्यक्रम संचालनका लागि सम्बन्धित स्थानीय तहबाट लागत साझेदारी गर्नुपर्ने भनी तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चत गर्नु पर्नेछ ।

(ख) आयोजना कार्यान्वयनको सिलसिलामा सम्बन्धित स्थानीय तहले निर्माणस्थलमा निर्माण कार्यविवरण, कुल ठेक्का रकम, सशर्त हस्तान्तरित बजेट र स्थानीय तहको लागत सहभागिता रकम सहितको जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

(ग) यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुरुप विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सर्त अनुरुप तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गर्नुपर्नेछ ।

(घ) यस कार्यक्रम सञ्चालन प्रक्रियाअनुसार पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि कृषि बजारको सञ्चालन, कार्यक्रम तर्जुमा, कार्यान्वयन र सेवा शुल्क निर्धारण, सङ्कलन तथा व्यवसायिक योजना, बजारको



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

वर्गीकरण, कोष व्यवस्थापन आदि व्यवस्था स्थानीय तह आफैले उचित नियम बनाइ लागु गर्न सक्नेछ ।यस कार्यका लागि "कृषि उपज बजारस्थलको व्यवस्था तथा सञ्चालन सम्वन्धी निर्देशिका, २०५३ (संशोधन सहित)" लाइ आधार मान्न सकिनेछ ।

(ङ) यस कार्यक्रम सञ्चालन प्रक्रियामाउल्लेख भएका व्यवस्थाहरु प्रचलित कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

(च) तोकिएको कामको लागि सशर्त अनुदान स्वरुप वित्तिय हस्तान्तरण भएको बजेट सर्त अनुसारको तोकिएको कार्य सम्पन्न नगरी प्राप्त आर्थिक सहयोगलाई अन्य कामकाजको लागि प्रयोग गर्न पाइने छैन।

(छ) यस कार्यक्रम सञ्चालन प्रक्रियामाउल्लेख भएको व्यवस्था अस्पष्ट भएमा वा कार्यविधिमा उल्लेख भएदेखि बाहेकका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ज) कृषि पूर्वाधार विकास कार्यक्रम सम्वन्धी विषयहरुमा थप जानकारी, सूचना आवश्यक भए कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

**५. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकाय र तिनको जिम्मेवारीः**

**५.१संघीय सरकार**

(क) प्राविधिक पृष्ठपोषण,

(ख) कार्यक्रम संचालनमा सहजीकरण,

(ग) अनुगमन तथा मूल्याङ्कन।

**५.२ प्रदेश सरकार**

(क) कृषि ज्ञान केन्द्र/ कृषि विकास कार्यालय/फार्म केन्द्रमार्फत प्राविधिक सेवा,

(ख) सरकारी एवं निजी स्रोत केन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(ग) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ।

**५.३स्थानीय तह**

(क) कृषि पूर्वाधार विकास कार्यक्रमको लागि संघीय एवं प्रदेश सरकारसँग कार्यक्रम माग,

(ख) आवश्यक्ता अनुसार कार्यक्रम विस्तृकीतरण,

(ग) लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(घ) तोकिए बमोजिम कृषि पूर्वाधार प्रयोगको सुनिश्चितता गर्ने,

(ङ) कार्यक्रमको दोहोरोपना नहुने सुनिश्चितता गर्ने,

(च) नियमित अनुगमन, पृष्ठपोषण एवं प्रतिवेदन।

**६. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

**(क) विवरण प्रकाशन गर्नुपर्नेः** यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालित पूर्वाधार विकास/निर्माण/स्तरोन्नती



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

विवरण सम्वन्धित स्थानीय तहले प्रकाशन गर्नुपर्नेछ ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

(अ) सशर्त हस्तान्तरित कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको चौमासिक एवं वार्षिक प्रगति विवरण सम्वन्धित स्थानीय तहले कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रमा पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः** उपरोक्तानुसार संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी सम्वन्धित स्थानीय तहकै रहनेछ । यसरी संचालित कार्यक्रमको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, कृषि विभाग तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट समेत अनुगमन तथा मूल्यांकन कार्य हुनेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-१

**विभिन्न कृषि उपज बजारहरुको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरुको विवरण**

| क.सं | बजारस्थलको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | | प्राथमिकता प्राप्त पूर्वाधारहरु |
|---|---|---|---|---|
| | | तराइ | पहाड | |
| १. | थोक बजार | १.५ विगाहा | १ विगाहा | कम्पाउण्ड वाल, सटरहरु, एप्रोच रोड, शौचालय, कार्यालय, सूचना केन्द्र, स्टोर/गोदाम, खानेपानी |
| २. | खुद्रा बजार | २ कठ्ठा | १.५ कठ्ठा | स्टल, स्टोर, खानेपानी, शौचालय |
| ३. | संकलन केन्द्र | ३ कठ्ठा | १.५ कठ्ठा | सेड, तौलिने सुविधा, स्टल, स्टोर,सूचना संचार सुविधा |
| ४. | हाट बजार (संकलन केन्द्र सहितको) | १० कठ्ठा | ४.५ कठ्ठा | सेड, शौचालय, खानेपानी, सूचना संचार सुविधा |
| ५. | हाट बजार (संकलन केन्द्र बाहेकको) | ७ कठ्ठा | ४ कठ्ठा | सेड, शौचालय, खानेपानी |

**ठूला कृषि उपज बजार निर्माणका लागि न्यूनतम आवश्यक जग्गा सम्बन्धी विवरण**

(१) काठमाडौं उपत्यका वाहिर एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि तराईमा कम्तिमा ३ हेक्टर र पहाडमा कम्तिमा १ हेक्टर जग्गा उपलब्ध हुनुपर्नेछ। साना बजारहरुको हकमा कम्तीमा १ हेक्टर जग्गा हुनु पर्नेछ । तर काठमाण्डौ उपत्यकामा निर्माण गरिने कृषि उपज बजार स्थलको लागि केन्द्रसँगको समन्वयमा प्रस्तावित वजार निर्माणका लागि छनौट गरेको जग्गाको क्षेत्रफल प्राविधिक रुपले उपयुक्त रहेमा बजार संरचना निर्माण गर्न सकिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-२

## स्थानीय तहवाट कृषि बजार पूर्वाधार विकासमा सशर्त वित्तीय हस्तान्तरण मार्फत कार्यक्रम माग प्रक्रिया तथा प्रस्तावनाको नमूना

**माग सङ्कलनप्रक्रिया:** स्थानीय तहहरुमा कृषि पूर्वाधार विकास कार्यक्रमका लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सशर्त वित्तीय सहयोगका आयोजना प्रस्ताव गर्दा देहाय बमोजिमको विधि अवलम्वन गर्नुपर्नेछ र सो अनुसार मात्र माग सङ्कलन गरिने छ ।

१. स्थानीय तहमा नयाँ कृषि पूर्वाधार विकास गर्न लागत अनुमान २५ लाख भन्दा बढी भएको खण्डमा मात्र केन्द्रसँग देहाय बमोजिमको विवरणका साथ आर्थिक सहयोगको लागि प्रस्तावना पेश गर्नुपर्नेछ ।

२. अधुरा पूर्वाधारहरुलाई पूर्णताका लागि संघीय बजेट सहयोग आवश्यक भएकोमा समेत हालसम्म भएको निर्माण कार्यको प्रगति, कार्यसम्पन्न गर्न लाग्ने रकम र त्यसमा संघवाट अपेक्षित सहयोग एवं स्थानीय तहको लागत साझेदारीको प्रतिवध्दता समेत लागत अनुमान लगायतका विवरणहरु केन्द्रमा पेश गर्न सकिनेछ ।

३. आगामी आ.व. को लागी स्थानीय तहबाट निर्माण हुने तर सोको निर्माणका लागी आवश्यक वजेट साझेदारिताका लागी केन्द्रमा तोकिएको काजजातहरु संलग्न राखी पौष मसान्त भित्र प्रस्ताव पेश गरी सक्नु पर्नेछ।

### प्रस्तावनाको नमूना

१. प्रस्तावना पेश गर्ने स्थानीय तहको नाम

२. प्रस्तावित कृषि पूर्वाधारको किसिम/प्रकार

३. निर्माण गरिने कृषि पूर्वाधारको लागि उपलव्ध जग्गाको क्षेत्रफल, प्रस्तावित निर्माण क्षेत्र, निर्माण कार्यपश्चात खुला क्षेत्र कति रहन्छ र जग्गाको स्वामित्व, प्रस्तावित जग्गामा कुनै निजी घर/टहरा वा अन्य संरचना रहे/नरहेको लगायतको विवरण

४. प्रस्तावित कृषि पूर्वाधारको आवश्यकता/औचित्य सम्वन्धी विवरण र अपेक्षित उपलव्धिहरु के हुन सक्छन सो को विवरण तथा लक्षित लाभान्वित क्षेत्र तथा समुह भए सो को विवरण

५. प्रस्तावित कृषि पूर्वाधारको निर्माणको पूर्व सम्भाव्यता भए/नभएको

६. प्रस्तावित कृषि पूर्वाधारको निर्माणको अनुमानित लागत (सम्भव भए लागत अनुमान वा DPR भइसकेको भए सो समेत)

७. कृषि पूर्वाधार निर्माण गर्ने जग्गाको पुर्ण विवरण तथा आवश्यक अन्य पुर्वाधारहरुको (बाटो, बिजुली, पानी आदि) अवस्था

८. कृषि पूर्वाधार निर्माण गर्ने स्थानको उपयुक्तता, कृषि उत्पादनको अवस्था तथा उपभोक्ताहरुको पर्याप्तता



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

९. आशयपत्र पेश गर्ने स्थानीय तहको निर्माण कार्यमा लागत सहभागिताको प्रतिवध्दता तथा अन्य संघ/संस्थाहरुले पनि साझेदारी गर्ने भए सो संस्थाहरुको पनि लागत सहभागिताको प्रतिवध्दता

१०. प्रस्तावित कृषि पूर्वाधारको प्रस्तावित संचालन मोडालिटी र दिगोपना

११. प्रस्तावित कृषि पूर्वाधारको प्रस्तावित निर्माण प्रक्रिया

१२. स्थानीय तहले ठानेका अन्य केही आवश्यक विवरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-३
## चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम
कार्यक्रम संचालन गर्ने निकायको नामः आ.व. २०७... महिनाः

१. कार्यक्रम कार्यान्वयन अवस्था

| क्र.स. | प्रतिवेदन अवधिमा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

२. कार्यक्रमको प्रतिफलः

-
-
-
-

३. कार्यक्रम/बजेट कार्यन्वयनको अवस्था

| क्र. स. | वार्षिक विनियोजन (रु. हजारमा) | प्रतिवेदन अवधिको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

-
-
-

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल